अब नयाँ खबरकाजग वेवसाइडमा पनि : www.nepalikhabar.com

‘हरेक मंगलबार निष्पक्ष समाचार’

# नयाँ खबरकागज

साप्ताहिक

NAYAKHABARKAGAJ WEEKLY

वर्ष : २८ अङ्क : १ २०६७ साउन ४ गते मंगलबार (July 20, 2010) मूल्य रू. ५/-

## राजासहितको प्रजातन्त्रमा जोड

*खबरकागज संवाददाता*



काठमाडौं / राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका अध्यक्ष कमल थापाले फेरि राजासहितको प्रजातन्त्रमा जोड दिनुभएको छ । राप्रपा नेपालको शंखुवासभा-काठमाडौं सम्पर्क समाजको शनिबार उद्घाटनका अवसरमा थापाले उक्त कुरा बताउनुभएको हो । उहाँले देशको आर्थिक समृद्धिका निम्ति शान्ति प्रक्रिया अघि बढ्नुपर्ने र यसका निम्ति ठूला भनिएका दलहरूको दम्भ, अहंकार हट्नुपर्ने उहाँको भनाइ थियो । नेपालको आत्मपहिचान हिन्दू राष्ट्र हुनुपर्ने र राष्ट्रिय महत्वका मूलभूत विषयमा जनमत संग्रह हुनुपर्ने कुरा पनि थापाले बताउनुभयो । (बाँकी सात पेजमा)

### प्रधानमन्त्रीको लागि दौडादौड

# माकुनेको पदायु अझै लम्बिने

**काठमाडौं / भोलि अर्थात् साउन ५ गते ‘प्रधानन्त्री पदका निम्ति चयन हुने दिन’ भनेर भनिएको छ । नयाँ नेपालको फेरि अर्को चौथो प्रधानमन्त्री को ? भन्ने प्रश्न यतिखेर टडकारो रहेको छ । नेपालमा गणतन्त्रको दुन्दुभी बजाएपछि गिरिजाप्रसाद कोइराला (हाल स्वर्गीय) ले जति नै फूर्ति गरे पनि र त्यसपछि प्रचण्ड तथा माधव नेपालले जति नै गतिविधि अघि बढाए पनि ती सबै प्रक्रिया अर्थहीन रहेका छन् ।**

*खबरकागज संवाददाता*

राजनीतिक पर्यवेक्षकहरू भन्दछन्- अबको चौथो परिच्छेद पनि अर्थप्रद देखिन्न । अहिले नेपालमा प्रधानमन्त्री पदका निम्ति दौडादौड अर्थात् ‘घोडे जात्रा चलिरहेको छ । यो दौड जात्रामा रामचन्द्र पौडेल, झलनाथ, बाबुराम- उपेन्द्र यादव, विजय गच्छेदार मात्र होइन- अरुहरू पनि संलग्न देखिन्छन् ।

सहमतीय प्रणाली मञ्चित भएपछि अन्ततः ‘बहुमतीय खेल’मा आएको प्रधानमन्त्री पदको ‘नव रचना’ आखिर कहाँ गएर कहाँ पुगेर टुंगिने हो थाहा छैन ।

नयाँ नेपालको नयाँ चौथो प्रधानमन्त्रीको लागि नयाँ खेल



चलिरहेको यो अवस्थामा अब जो कोही प्रधानमन्त्री भए पनि त्यो ‘चुत्थो प्रधानमन्त्री’ मात्र सावित हुने राजनीतिक



विश्लेषकहरूको मत रहेको छ ।

नेपाली कांग्रेसले पहिलो दलका रुपमा प्रधानमन्त्री पदका निम्ति



रामचन्द्र पौडेललाई सर्वसम्मत उम्मेदवार तय गरेपछि राजनीतिक वृत्तमा केही तरंग ल्याए पनि र पौडेलको निकै विधि चुरीफुरी रहे पनि त्यो अन्ततः कसरी कार्यान्वित हुने हो भने प्रश्न रहिआएको छ ।

भोलि नयाँ नेपालको नयाँ चौथो प्रधानमन्त्री चयन हुने भनिए पनि प्रधानमन्त्री पदका निम्ति ‘स्पष्ट बहुमत’ सहजै कसैलाई प्राप्त नहुने पनि यतिखेरको आम आशंका छ । त्यसैले अहिले ‘मौनसाधना’ मा लागेका केयरटेकर प्रधानमन्त्री माधवकुमार नेपालको पदायु अझै लम्बिने र सम्भवतः यो लम्बाई एकाध महिनासम्म चल्ने पनि बताइन्छ । प्रधानमन्त्रीका लागिको यो दौडादौडमा अन्ततः बाजी जित्ने को ? भन्ने आमप्रश्न रहेको छ ।

## मधेशवादी दलका वार्गेनिकङ

*खबरकागज संवाददाता*

काठमाडौं / नयाँ नेपालमा नयाँ मधेश अर्थात् तराईको नयाँ चित्र कोर्दै स्वयम् विभाजित रहेका मधेशवादी मोर्चाले आफूहरूकै नेतृत्वको सकारको दावीसमेत गरेका छन् । तर, यो दावीभित्रको रहस्य उपप्रधानमन्त्री वा त्यस्तै अन्य कुनै पद विशेषका निम्ति







दलका नेताहरू फेरि पनि ‘मधेशको नाममा’ नयाँ बार्गेनिङ गरिरहेको यतिखेरको राजनैतिक पर्यवेक्षकहरुको अड्कल रहेको छ ।

फूट, जूट र गूटको स्थितिमा रहेका मधेशवादी दलको फेरि चतुर्दलीय मोर्चाको अर्को नाटक मञ्चन भएको छ । यसअनुरुप मधेशवादी दलीय केन्द्रीभूत छ भन्ने राजनीतिक पर्यवेक्षकहरूको दृष्टिकोण छ ।

पहिले मन्त्री र उपप्रधानमन्त्री भइसकेका उपेन्द्र यादव र विजय गच्छेदार नेपाली राज्य प्रणालीमा गन्हाएका पनि र चिनिएका चरित्र हुन् । उनीहरूको ‘पदमोह’ अझै छ भन्दै (बाँकी सात पेजमा)

## कमैया अझै कमैया

काठमाडौं / शेरबहादुर देउवा प्रधानमन्त्री भएका बेला ‘मुक्त’ भनिएका कमैयामध्ये एकथरी कमाउने र अर्काथरी फेरि पनि कमैया कमलरीमा रहेका छन् ।

कमैया मुक्ति तथा पुनःस्थापनाको दश वर्ष बितिसक्दा पनि संख्या घट्नुको साटो बढ्दो छ । कतै मुक्त कमैयाले अर्का मुक्त कमेयालाई कामदारका रुपमा राखेका छन् भने कतै केही पूर्वकमैया लखपति समेत बनेका छन् । सबै ऋण मिनाहा गर्ने घोषणा भएको दशकपछि पनि पूर्वकमैयाहरू अझै ऋणमुक्त भएका छैनन् । धनगढी संवाददाता मोहन बूढाऐरका अनुसार तराईका जिल्लामा

(बाँकी सात पेजमा)

## गृहमन्त्री रावलको नाटक

### कालीबहादुर खामको चटक





काठमाडौं । पदबाट बाहिरिँदै गरेका गृहमन्त्री भीम रावल इतिहासकै अनर्थ गृहमन्त्री सावित भएका छन् । तैपनि जाँदाजाँदै उनले आफ्नो नाटकीय प्रदर्शन छाडेका छैनन् । गएको साता गृहमन्त्री रावल कामरेड प्रचण्डकहाँ पुगेर कुख्यात नेता कालीबहादुर खामका बारेमा फिराद प्रस्तुत गरे । तर गृहमन्त्री रावलको फिरादलाई नेता प्रचण्डले ठाडै अस्वीकार गर्दै भने- ‘खै थाहा छैन ।’

यता कालिबहाखुर खाम गोंगबु हुँदै कपन पुगेका र माननीय सम्माननीयहरूको संरक्षणमा रहेका तथा उनले जादू गरी चटक देखाएका अनेकौं कुरा प्रहरी तथा गोप्य सूत्रबाट सार्वजनिक भइरहेको छ । (बाँकी सात पेजमा)

### अबको प्रतिपक्ष को ?

# सिटौला अब माओवादी विरुद्ध

*खबरकागज संवाददाता*

काठमाडौं / गिरिजाकालीन अवस्थाका गृहमन्त्री कृष्ण सिटौला उतिबेला कामरेड प्रचण्डका दाहिना मानिन्थे । तर अब आएर उनी माओवादीका घनघोर विरोधीका रुपमा चित्रित छन् ।

अबको प्रतिपक्ष र सत्ता पक्ष को ? भन्ने प्रश्न यतिखेर छ । यो सन्दर्भमा पूर्वगृहमन्त्री सिटौला कि कांग्रेस कि माओवादी प्रतिपक्ष हुने संकेत गर्दछन् । उनको भनाइ छ- अझै पनि एकीकृत माओवादी द्वन्द्वकालीन मानसिकताबाट मुक्त हुन सकेको छैन । खासगरी लडाकू र हतियारसँग सम्बन्ध नछाडेसम्म माओवादीसँग सहमति कायम गर्न गाह्रो छ । संविधानसभाको निर्वाचनपछि छ महिनाभित्र लडाकूको समायोजन र



पुनःस्थापना गर्ने कार्य सक्ने भनी माओवादी पार्टीको नेतृत्वमा सरकार बनेको हो । नेपाली कांग्रेसले प्रतिपक्षमा बसेर रचनत्मक सहयोग गरेको हो तर त्यो सरकारको कार्यकालमा यो समायोजन र पुनर्स्थापना सम्बन्धमा कुनै प्रस्ताव आएन । बरु उल्टै प्रधानसेनापतिलाई शान्ति प्रक्रियाको मर्मविपरीत निकाल्ने प्रयत्नमा लाग्नुभयो । समायोजन र पुनर्स्थापनामा सामान्य काम पनि अघि बढाउन नचाहने, सेनामा हस्तक्षेप गर्ने रणनीतिमा माओवादी सरकार लाग्यो । त्यसपछि माओवादीसँग कांग्रेसले गम्भीर मतभेद राख्यो । विगतमा भएका सबै सम्झौताको सार शान्ति र लोकतन्त्र हो तर माओवादी लडाकू समायोजन र पुनर्स्थापना सम्पन्न नगर्ने, प्रारम्भ नगर्ने, बरु उल्टै नेपाली सेनामा हस्तक्षेप गर्न थाल्यो । त्यतिबेला

(बाँकी सात पेजमा)

## नेपाल नयाँ बन्दैन : झा

*खबरकागज संवाददाता*



काठमाडौं / समाज डेण्टल अस्पतालको दशौं वार्षिकोत्सव समारोहमा उपराष्ट्रपति परमानन्द झाले महत्वपूर्ण राजनीतिक सन्दर्भ अघि सारेका छन् । उपराष्ट्रपति झाले न संविधान बन्छ न त नयाँ नेपाल नै बन्छ भन्ने विचार अघि सारेका छन् । उपराष्ट्रपति परमानन्द झा नेपालको नयाँ संविधान र नयाँ स्वरुपबारे आशंकित रहेका छन् । उपराष्ट्रपतिको भनाइ छ- उपराष्ट्रपति परमानन्द झाले संविधान बनाउनका लागि भनिएका नेताले समयको महत्वलाई ध्यान नदिएका कारण दुई वर्षमा संविधान बन्न नसकेको आरोप लगाएका छन् ।

उपराष्ट्रपतिले अझै पनि दलहरूबीच एकता नभएका कारण संविधान एक वर्षमा बन्ने कुरामा विश्वस्त हुने अवस्था सिर्जना छैन । समाज डेन्टल हस्पिटलको १० औं वार्षिकोत्सव समारोहमा उपराष्ट्रपति (बाँकी सात पेजमा)

नेपाली हुन पूर्व जन्मको कमाईले पुग्दैन
पुर्खाको पौरख, श्रम र आशिष मात्रले पुग्दैन
नेपाली हुन पवित्र आत्मा, नेपाली चाहिन्छ
पराया मुटु दौराको फेरले छोपेर पुग्दैन ।

-स्व.गोपाल योञ्जन (वरिष्ठ गीत एवं संगीतकार)

सम्पादक/प्रकाशक
ज्ञान उदास

व्यवस्थापक
प्रेमा उदास

कानूनी सल्लाहकार
गायत्रीप्रसाद घिमिरे

प्रमुख सल्लाहकार
ईश्वर पराजुली

कार्यकारी सम्पादक
सञ्जिव बाग्ले

संवाददाताहरू
भोजराज श्रेष्ठ 'एकलब्यराज' (पूर्वाञ्चल)

कम्प्युटर : सप्तकोशी कम्प्युटर सेवा, बागबजार, पीके क्याम्पस अगाडि
फोन : ४२४५१८५, ९८४१४८०१०४, ९८४९२५९२३५
पोष्ट बक्स नम्बर : २०४१३, मुद्रण : शर्मिला प्रिन्टर्स डल्लु, काठमाडौं, फोन : ४२७५६१६
कार्यालय : कामनपा–७, चावहिल, बुलबुले मार्ग, फोन : ४४७१७७६
मोबाइल : ९८४१-२५१९३६, ईमेल : kc_dinesh2000@yahoo.com.
उपत्यका वितरक : यज्ञ न्यौपाने, भूगोलपार्क : ९८५१०-५८७३०

## सम्पादकीय

# फेरि पनि अनर्थको अनर्थै

*गएका तीन हप्ताभित्र मुलुकभित्र तिलस्मी तवरले राजनीति, अर्थनीति र कूटिलनीतिमा केही महत्वपूर्ण काम कुरा भएका छन् । प्रधानमन्त्री माधवकुमार नेपालको राजीनामा, अर्थमन्त्री सुरेन्द्र पाण्डेको अनर्थ आंशिक बजेट प्रस्तुति तथा नयाँ प्रधानमन्त्रीका निम्ति कूटिलनीति यो सन्दर्भका उल्लेखनीय विषय हुन् । तर पनि उपर्युक्त तीनै कुरामा कुनै प्रकारको सहमतीय स्थिति छैन । सबै कुरामा भद्रगोल, अन्यौल र अतिरञ्जना मात्र प्रस्तुत देखिन्छ । मुलुक जुन प्रकारको पद्धति, स्थिति र विधिका साथ अघि बढ्नुपर्ने हो, त्यो त्यसरी बढिरहेको छैन । विधि, वैधानिकता, नीति, पद्धति र सहमतिका कुरा जति नै अति गरे पनि ब्यवहारमा त्यसको ठोस उपलब्धि छैन ।*

*राजतन्त्र अर्थात् राजकीय संस्थालाई विदाई गरेर जनताको गणतन्त्र प्रणालीलाई प्रादुर्भाव गराएपछि यावत कुरा ठीक हुन्छ, सबै समस्याको समाधान हुन्छ भन्ने नेताहरु अहिले किंकर्तब्यविमूढ बनेर आफैं अलमलिनु आफैंमा अनौठो कुरा बनेको छ । तर त्यो कुरामा कुनै नेता, दल वा गणको चिन्ता भाव देखिन्न । गणतन्त्रात्मक संसदीय प्रणालीभित्र जनमनको कदर हुनुपर्ने हो, जनहितको ब्यवस्था बन्नुपर्ने हो तर अहिले को प्रधानमन्त्री बन्ने, को सत्तामा जाने र कसले राज्यको सुख, वैभव भोग गर्ने हो भन्नेमा मात्र कथित जननेताहरूको दृष्टिकोण रहेको छ । त्यसैले देश निदाइरहको छ, देशीय नेताहरु सुतिरहेका छन् र अन्यान्य शक्तिहरु सल्बलाइरहेका छन् ।*

*मुलुकमा गोरु बाँधेर रोपाइँ चलाइएको छ, एक प्रकारको राइँदाइँ चलाइएको छ तर न बाउसे, न ठीक रोपार न त कुनै मियो छ- सर्वत्र मियोविनाको रजाइँ र अर्थहीनताको रोपाइँ चलिरहेछ । जहाँ कुनै मति छैन, त्यहाँ सहमतिको कुरा गरिन्छ, अनि जहाँ स्वाधिन, स्वाभिमान र आत्मगौरवको राजनीति छैन, त्यहाँ राष्ट्रिय स्वत्वको कुरा गरिन्छ । यस्तो अनर्थको कुरा गरेर समय बरबार गर्नु आफ्नै लागि हानिकारक र अनर्थपूर्ण छ । सरकारका बजेट आयो, सरकारको राजीनामा आयो र नयाँ सरकार गठनको प्रक्रिया चल्यो, तर जनताका निम्ति के आयो ? कागलाई बेल पाकेको जस्तो मात्र भयो । त्यसैले फेरि पनि अनर्थको तदर्थवादमा ओल्सिएको मुलुकको परिणति के हुने हो ? सर्वत्र आशंका, गम्भीरता र प्रश्नचिन्ह खडा भएको छ । तर यो गम्भीरताका प्रति कहीँ कसैको सम्वेदनशीलता छैन । दुर्भाग्य र विडम्बना यही हो ।*

# युवा नेताका नाममा

*जनताको दुःख होइन युवा, जनताको सुखमा रमाऊ*
*हजुरबालाई टेक्ने लौरी देऊ, आफूले कोदाली समाऊ*
*देखाइदेऊ जनतालाई युवाको विचार कस्तो छ*
*विश्राम देऊ बुबा हजुरबुबालाई धेरै थाकेजस्तो छ*

आदरणीय युवा नेता, अभिवादन, लालसलाम, क्रान्तिकारी लालसलाम, जय नेपाल, जय मधेश, जय पहाड, जय हिमाल साथै साइनो अनुसार सबैलाई नमस्कार । अहिले देश कुन अवस्थामा छ भन्ने कुरा न कसैले बोल्नुपर्छ न मैले लेखिरहनुपर्छ । देश बनाउलान् भन्ने आशा गरेका ठूला नेताहरू आज कसरी कुर्सी मोहमा फस्दैछन्, जान्दाजान्दै नेपालीको भविष्यमाथि खेलवाड गर्दैछन् । उनीहरू के बोल्दैछन्, के गर्दैछन् भन्ने कुरा एउटा किसानले बुझेको छ । मजदुरले बुझेको छ, जनताले बुझेको छ, मजस्तो सानो कलाकारले पनि बुझेको छु । त्यसैले तपाइँहरूले नबुझ्ने कुरै भएन ।

साथीहरू यहाँनिर मैले उठान गर्न खोजेको कुरा के हो भने २००७ सालको क्रान्ति र त्यसपछिका हरेक परिवर्तनपछि नेपाली माटोले युवाको नेतृत्व खोजेको चर्चा चलिरह्यो । तर हरेक परिवर्तनका लागि नेपाली युवाको सदुपयोग हुन सकेन । युवालाई ठाउँ दिने त भनियो, तर ६५ देखि ७५ वर्षसम्मका युवाले देश चलाइरहे, जनता जलाइरहे ।

छोरो डोल्पा जिल्लाको रस्सी गाउँबाट काठमाडौं हिँड्ने बेलामा टीका लगाउँदै आमा आशीर्वाद दिन्छिन्, धेरै पढ, धेरै कमाऊ र हामीलाई पाल । ताप्लेजुङको टोक्पेगोला गाउँबाट हिँड्न लागेकी छोरीलाई पनि आमाले त्यही आशीर्वाद दिन्छिन्, गुल्मीको सिमलटारी, रौटहटको पौराही र नेपालका हरेक कुनाकाप्चाबाट काठमाडौंको यात्रा तय गर्ने हरेक नेपालीका बाबुआमाको चाहना लगभग एउटै हुन्छ ।

तर आमाबाबुको सपना पूरा गर्न काठमाडौं आएका छोराछोरीले महँगीविरुद्ध लड्नुपर्छ । अन्यायविरुद्ध रगत बगाउनुपर्छ र निरंकुशताविरुद्ध बलिदानी दिनुपर्छ । यी युवा आमालाई नयाँ चोली र बाबालाई नयाँ दौरासुरुवाल किनिदिने, भाइबहिनीलाई राम्रै स्कूलमा पढाउने सपनालाई थाँती राख्दै देश परिवर्तन र सुन्दर नेपाल निर्माणका लागि लडिरहेका हुन्छन् । लडिरहेका छन् ।

आदरणीय युवा नेताहरू, यहाँसम्म नेपाली युवाको योगदान अतुलनीय छ । तर देश अझ गम्भीर मोडतर्फ उन्मुख छ । यस अवस्थामा युवा नेताहरूले नयाँ सोचका साथ नेपाली माटो र नेपाली आमाको मायालाई मुटुको माझमै राखेर अगाडि बढाउनुपर्ने अवस्था छ । देशका अनुभवी र वरिष्ठ नेताहरूले देश र जनताको सेवा गर्ने परीक्षामा सय पूर्णाङ्कमा ३२ पनि ल्याउन सकेका छैनन् । त्यसैले युवा नेताहरू, एकढिक्का भएर अगाडि नबढ्ने हो भने इतिहासले धिक्कार्नेछ । यो समय रामकुमारी झाँक्री, प्रदीप पौडेल र लेखनाथ न्यौपानेजस्ता विद्यार्थी नेताले एक अर्कालाई गालीगलौज गर्ने नभई आफ्ना संगठनका कमी-कमजोरी समीक्षा गर्ने हो । लाग्छ, तपाईंहरूले पार्टीका गलत क्रियाकलापको विरोधै गर्नुभएको छैन वा तपाईंहरूको कुरा पार्टीले नसुनेको हो, जनताले बुझ्न सकेका छैनन् ।

अहिले वाईसिएल, युथफोर्स र तरुण दस्ताले एक अर्काको टाउकोमा खुकुरी बर्साउने र जनता तर्साउने समय होइन । गणेशमान पुन, महेश बस्नेत र महेन्द्र राय यादव तपाईंहरूले जनतालाई एकता र शान्तिको सन्देश दिनु आजको आवश्यकता हो । परिवर्तनका संवाहक विकासका आधारमा युवा नेताहरू तपाईंका माउ पार्टीले कालोलाई सेतो, पूर्वलाई पश्चिम भन्दा पनि किन चूप लागेर बस्नुभएको ? यो जटिल अवस्थामा योगेश भट्टराई, गगन थापा, वर्षमान पुन, चन्द्रबहादुर थापा, आरती शाह, रविन्द्र अधिकारी, ठाकुर गैरे, गुरु घिमिरेजस्ता धेरै युवा नेता किन एकै ठाउँमा उभिन सकेका छैनन् ? किन कपाल कन्याउँदै माऊ पार्टीका बिनाअर्थका निर्णयको पर्खाइमा बस्नुहुन्छ ? अन्य पार्टीको गल्तीलाई १०८ पटक भट्याउनसक्ने तपाइँहरू आफ्नै पार्टीका कमी-कमजोरीलाई किन घच्घच्याउन सक्नुहुन्न ? आफ्नै हजुरबुबाको कथामा किन रमाउन खोज्नुहुन्छ ? कहिलेकाहीं यी युवा नेताहरू सानो स्वरमा आवाज उठाए पनि त्यो पर्याप्त भने पक्कै छैन । पार्टीको होइन देश र जनताको पक्षमा ठूलै स्वरमा गीत गाउनुस् बरु हामी स्वर थप्ने प्रयास गर्छौं ।

तपाईंका शीर्षस्थ नेता अनगिन्ती बैठकमा बसे । अहिले पनि बसिरहेका छन् । तर ती बैठकहरूले सहमति तथा गतिरोध अन्त्य भएको खबर कहिले सुनाउन सकेनन् । यसले सहमति भन्ने शब्दकै अपमान भएको छ । यस्तो अवस्थामा युवा नेतृत्व किन अगाडि आउँदैनन् ? छलफल किन गर्दैनन्, बहस किन थाल्दैनन् ? यस अवस्थामा विचार विमर्श गर्ने होइन र ? के युवा आन्दोलनमा शहीद हुनलाई मात्र हो ? के युवा चुनावमा तरबार र खुकुरी हान्नलाई मात्र हो ? के युवा सधैं लड्न र लडाउनलाई मात्र हो ? त्यसो कदापि होइन साथीहरू ! युवा अग्रगामी परिवर्तन, विकास, शान्ति र सुन्दर नेपाल निर्माणका लागि हुन् ।

यति धेरै शब्द खर्चिनुको अर्थ अब नेपालको आशा भनेको युवा नेतृत्व हो भन्ने बुझ्नुहोला । सक्नुहुन्छ भने नयाँ विचारसहित नयाँ जोश र जाँगरसहित मिलेर अगाडि बढ्नुहोस् । आफ्नो अग्रज नेताले जस्तै एक अर्काको खुट्टा तान्ने, आफ्नो दललाई मात्र सबै थोक सम्झने, जनतालाई बारम्बार ढाँट्ने, कुर्सीसँगै जनताको सपना साट्ने, जब पऱ्यो राति तब बुढी ताती भन्ने नेपाली उखान चरितार्थ गर्ने बानी पूर्णरुपमा तिलाञ्जली दिएर भाषणमा मात्र होइन, साँचो अर्थमा नेपाल र नेपालीलाई माया गरी सफल नेता बन्नुहोस् । युवा नेतृत्वकर्ताले सोच्नै पर्छ, देशलाई तपाइँहरूबाहेक अरुले अब उठाउनै सक्ने छैनन् ।

*जनताको मनमा बस्ने कोसिस गर्नुस् नेताज्यू,*
*युगौं युगसम्म बस्न सक्नुहुन्छ*
*कुर्सीमा मात्र बल नगर्नुस् नेताज्यू*
*दुई चार दिनमै खस्न सक्नुहुन्छ ।*

***साभार : नागरिक राष्ट्रिय दैनिक***

## प्रसङ्ग

**- बद्री पङ्गेनी -**

**अहिले वाईसिएल, युथफोर्स र तरूण दस्ताले एक अर्काको टाउकोमा खुकुरी बर्साउने र जनता तर्साउने समय होइन । गणेशमान पुन, महेश बस्नेत र महेन्द्र राय यादव तपाईहरुले जनतालाई एकता र शान्तिको सन्देश दिनु आजको आवश्यकता हो । परिवर्तनका संवाहक विकासका आधारमा युवा नेताहरु तपाईका माउ पार्टीले कालोलाई सेतो, पूर्वलाई पश्चिम भन्दा पनि किन चूप लागेर बस्नुभएको ? यो जटिल अवस्थामा योगेश भट्टराई, गगन थापा, वर्षमान पुन, चन्द्रबहादुर थापा, आरती शाह, रविन्द्र अधिकारी, ठाकुर गैरे, गुरू घिमिरेजस्ता धेरै युवा नेता किन एकै ठाउँमा उभिन सकेका छैनन् ?**

## मानिस हराएको सूचना



ललितपुर उ.मा.न.पा.-६, इमाडोल बस्ने वर्ष २४ को श्री सुमीत सिंह मिति २०६७/३/१९ गते विहान ९:३० बजेदेखि हराइरहेको हुनाले देख्नु हुने अथवा भेट्नु हुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय अथवा निम्न फोन नं. मा सम्पर्क गरिदिनु होला ।

सम्पर्क : ९८४१४६९६५७

# नेपाल समाप्त हुनेछैन र भारत सम्पन्न र बलशाली बन्नेछैन

मधेस आन्दोलनका समयमा नेपाली राष्ट्रिय झण्डा जलाइयो र त्यसपछि सुरुभएको पहाडीयालाई लखेट्ने क्रम रोकिएको छैन। स्वायत्त मधेस राज्य स्थापना गर्ने गर्भगृहबाट जन्मिएका मधेसवादी दलहरू, हिंसाप्रेरित समूहहरु र मधेसवादी नेता उपेन्द्र यादव, राजेन्द्र महतो, महन्त ठाकुर, हृदयस त्रिपाठी, अनिश अन्सारी, महेन्द्रप्रसाद, रामचन्द्र राय, रामचन्द्र कुशवाह, बृजेषचन्द्र, श्रीकृष्ण यादव, जयप्रकाश गुप्ताहरू आत्मनिर्णयको अधिकारसहितको स्वायत्तताका पक्षमा छन् र उनीहरू मधेस राज्य बनाउने भगिरथ प्रयत्न गरिरहेकै छन्। २०१६ सालमा भद्रकाली मिश्र र बेदानन्द झाले मधेसको समस्या उठाएर मधेसलाई अलग्गै राज्य बनाउनु पर्छ भनेका थिए। उनीहरूलाई चड्ख राजा महेन्द्रले राष्ट्रिय मूलधारमा समावेश गराउने सफलता हासिल गरे। त्यसपछि उनीहरूको आवाज दमित भएर गयो। उनीहरू नेपाल र नेपाली एकताका कुरा गर्न थालेका थिए। आफ्ना दुई प्यादाको नेपालीकरण भएपछि छिमेकले रामराजाप्रसाद सिंहलाई नयाँ पत्ता बनायो र गणतन्त्र र मधेस राज्यका लागि कृयाशील गरायो। यी तिनै रामराजाप्रसाद सिंह हुन्, जसले ०४२ सालमा राजधानीका बिभिन्न ठाउँमा बम बिस्फोट गराए, सांसद डम्बरजंग र कर्मचारी विष्णुप्रसाद दवाडीको ज्यान लिए र भारतको पट्नामा भारतीय मेजमानी खाएर जीवनका पछिल्ला दिनहरू बिताइरहेका छन्। राजा वीरेन्द्रले ०४८ सालमा आममाफी दिए पनि सिंहले पटना छाडेनन्। यिनलाई पछि माओवादीले राष्ट्रपतिको उम्मेदवार बनायो। चुनाव हारेपछि यिनी पुनः पटनामा बस्छन्। भारत-रामराजा, माओवादी-रामराजाको सम्पर्क र सम्बन्ध, आश्चर्यपूर्ण लाग्छ।

भारतीय शक्तिका साथ जनआन्दोलन २, ०६३ सफल भयो। माओवादीको जनविद्रोहसमेत यही आन्दोलनमा होमियो र राजतन्त्र, हिन्दूधर्म समाप्त पारेर गणतन्त्र घोषणा र कार्यान्वयनसमेत गरियो। तव यिनै रामराजाप्रसाद सिंहलाई एनेकपा माओवादीले पटनाबाट उलिनकाठ चढाएर ल्यायो, राष्ट्रपतिको उम्मेदवार बनायो। माओवादी सिद्धान्तको राजमार्गमा चल्ने एनेकपा माओवादीको गणतन्त्रका प्रणेता रामराजाप्रसाद सिंह कसरी हुनपुगे ? यो आफैमा उदेकलाग्दो प्रसङ्ग हो। गिरिजालाई माओवादीले नमान्ने, माधव नेपाललाई हरुवा भन्ने र गिरिजाले प्रचण्डलाई अस्वीकार गरेपछिको शीर्ष असहमतिका कारणले राष्ट्रपतिको आँखा चिठ्ठा मधेसका कांग्रेसी डा. रामबरण यादवलाई परेको हो। पूर्ण बहुमत नभएको माओवादीले आफ्नो नेतृत्वमा सरकार बनाउन बहुमत साबित गरिदिने मधेसवादी दल फोरमको प्रस्तावमा चरेशकाण्डमा मुछिएका र सर्वोच्चको कारवाहीमा समेत परेका, नेपाली भाषा बिरोधी, हिन्दी र धोतीप्रेमी परमानन्द झालाई उपराष्ट्रपति बनाउन सघायो। हिन्दीमा शपथ खाएको गल्ती नसच्याउँदा यिनलाई अदालतले निस्क्रिय पारिदियो। तर सत्ता समीकरण भत्किने खतरा टार्न अन्तरिम संविधानको सातौं संशोधन गरेर यिनलाई पुनर्स्थापित गरियो। यिनले दोस्रोपटक दुई भाषा मैथिली र नेपालीमा शपथ खाएर अर्को नाटक देखाए।

यतिखेर स्वायत्त एक मधेस राज्यका सवाल 'गर्मजोशी'का साथ उठेका छन् र मधेसवादी दलहरू राजनीतिक संयन्त्र, सर्वोच्च अदालत, न्यायाधीशलाई समेत



मधेसबिरोधीका रुपमा व्याख्या र प्रचार गरिरहेका छन्। राज्यमाथि मधेसका

## दृष्टिकोण - राजन कार्की -

अविश्वास दिनदिनै बढिरहेको छ। यसबाट थाहा हुन्छ- मधेस बिस्तारै स्वायत्त प्रदेशतिर लागेको छ र मधेसको कडी अखण्ड नेपालको पकडबाट खुस्कदै अर्केको हातमा पुग्न खोजिरहेको छ।

भद्रकाली मिश्रकै बहकाउमा गण्डक र कोशी भारतलाई बेच्न नेपाल बाध्य भएको थियो। त्यही बहकाउमा लागेकाले यसको कलङ्क कांग्रेसको निधारमा टाँस्सिएको हो। उत्तरी सीमामा १८ चौकी स्थापना गरिनु, मन्त्रिपरिषद्को बैठकमा भारतीय सचिव राख्ने बाध्यता भोग्नुमा पनि भद्रकाली मिश्रको ठूलो हात रहेको थियो। त्यतिबेला मिश्रहरू नेपालका लागि भारतका वाचमेन बनाइएका थिए। कोशी र गण्डकीमा नेपाल आज पनि ठगिएकै छ। चेकपोष्ट र क्याबिनेटबाट भारतीय प्रतिनिधि हटाउने काममा नेपाललाई बल्ल-बल्ल सफलता मिल्यो। ०४६ सालमा चाक्सीवारीमा चन्द्रशेखरले हस्तक्षेप गरेपछि बढेको भारतीय दबदबा महाकाली सन्धि हुँदै सुपुर्दगी सन्धि र एयरपोर्टमा एयरमार्शल राख्न माओवादी नेतृ हिसिला यमिले र माकुने सरकारका पालामा भीम रावलले अनुमति दिएको अवस्थासम्म आइपुगेको छ। आज नेपाललाई कुनै शत्रुसँग डर छ भने त्यो नेपाली कोखबाट निस्केका महन्त ठाकुरजस्ता, राजेन्द्र महतो र भीम रावलजस्ता, सुजाता कोइराला र माधवकुमार नेपालजस्ता नेताहरू अर्को भद्रकाली मिश्र बन्ने खतरामा छ।

नेपाल गणतन्त्र भइसकेको छ। तर प्रणालीको जग बसेको छैन, बिधि निर्धारण गर्ने संविधान पनि छैन, संक्रमण व्यवस्थापन हुनसकेको छैन। प्राथमिक कामहरू गर्न राजनीतिक नेतृत्व अक्षम भएको छ। अन्यौलको मूलद्वारमा भारत द्वारपाल बनेको छ। दिल्ली खुशी पारेर राजनीति गर्ने लोकतन्त्रवादीहरूका कारणले अन्यौल अराजकतातिर उन्मुख भएको छ। जसलाई राष्ट्रिय अस्तित्वको महत्व सत्ता र स्वार्थभन्दा सस्तो लाग्छ, उसले बनाउने नयाँ नेपाल भनेको मुक्त कमैयाभन्दा माथिल्लो दर्जाको नहोला जस्तो छ। लोकतन्त्रका महाप्रभू बनेका नेताहरूको अहिलेसम्मको चरित्रले यही सङ्केत गरेको छ। जनतामा निराशपन बढेको छ। अन्धकार सुरुङ् बनेको नेपाल देशभित्र उज्यालोका झल्का देखिन छाडेका छन्।

यस्तो बिषम परिस्थितिमा प्रतिनिधि संस्थाहरूको मुख्य भूमिका हुनपर्ने हो। यिनले दल र सरकारलाई मार्गदर्शन गराउनु पर्ने हो। जनताले के कामका लागि कस्तो खालको म्याण्डेट दिएका हुन्, यसबारे द्वन्द्वविदहरूले पनि बुझ्न र बुझाउनु पर्ने हो। तर राजनीतिक दलका नेताहरूको निकम्मा, निम्छरो र निरङ्कुश धारणाप्रति कुनै बर्गले पनि खबरदारी गरिरहेका छैनन्। जनता कमजोर र दलहरू बलिया बनेका छन्। नेताहरूले जनादेशलाई कुल्चने दुस्साहस गरेका छन्। दलहरूले बिर्सेका छन्- संविधानसभा पञ्जापत्र होइन, निर्वाचनमार्फत जनताले त्यस्तो अधिकारसहितको मृत्युको हस्ताक्षर गरेका छैनन् र कसैलाई पनि २०१६ सालतिरका भद्रकाली मिश्र बन्ने छुट दिएका छैनन्।

राजनीतिले पहाडबाद र हिमालवादको जन्म गराएको छ। चुच्चे र थेप्चे, हिन्दी र नेपाली भाषीविद बिभेद खडा गरेको छ। चाहिएको छ- नेपालवाद, उरालिदै छ- जातिवाद र मधेसवाद। माओवादीका प्रचण्ड-मातृकाप्रसाद यादवदेखि एमालेका जितेन्द्रदेवसम्म, तमलोपाका महन्त ठाकुरदेखि सद्भावनाका राजेन्द्र महतोसम्म साम्प्रदायिकता भड्किरहेको छ। यिनले नेपालवादलाई टुक्र्याउन खोजिरहेका छन्। नेपालवादलाई विभाजित पार्न भारत पनि लागेको छ। भारतले बुझ्नुपर्छ- नेपालको शरीर काटेर भारतमा मिलाउने कुरा किड्नी प्लाण्ट होइन। बागमतीमा विष मिसाउँदा त्यो पानी गंगामा गएर मिसिन्छ भन्ने भारतले बिर्सिनुहुन्न।

हो, भारतले गजेन्द्रनारायण सिंहलाई पञ्जाछापे पार्टी बनाएको हो। पछि गजेन्द्रनारायण सिंहले पनि नेपालवादलाई अंगालेका दृष्टान्त देख्न पाइयो। नेपाल कमजोर होला, यसबाट भारतलाई लाभ पनि भएको छ तर भारत बलियो हुन छिमेकी कमजोर भएर सम्भव छैन, छिमेकलाई बिखण्डन गर्दा त्यसको कम्पनबाट भारत अखण्ड रहन सक्दैन। स्वार्थका लागि अनेक व्यक्ति र दलहरू भद्रकाली मिश्रका रुपमा खडा गर्न सकिएला, त्यसपछि पनि नेपाल समाप्त हुनेछैन र भारत सम्पन्न र बलशाली बन्न सक्नेछैन।

नेपाली जनमानस सहनशील र उदार छ। दुशासनहरूको पहिचान गरेर पनि माफी दिन्छ। २०१६ सालदेखि हरेक परिवर्तनपछि जन्मिने भद्रकाली मिश्रहरूको चकचकी, यही नेपालीको सरल मानसिकताको परिणाम हो। यसको अर्थ नेपाली जनता चेतनशील छैनन् भन्ने होइन। नेपाली राष्ट्रियता अत्यन्त प्रवल छ, जनताको मन-मनमा, भावनामा। सीमा मिच्दा केही गर्न सकेन, सीमामा बलात्कार गर्दा, चर्को दमन गर्दा पनि नेपाल बोल्न सकेन, नेपालमा पकड बलियो बनेको छ भनेर भारतले ठान्नु आकाशतिर फर्केर थुक्नुजस्तै हो। जुनदिन नेपाली स्वाभीमानले बिद्रोह गर्छ, त्यो दिन नेपालमा फैलिएको भारतविरोधी घृणाको छालको लपेटाले भारतलाई आच्छु-आच्छु पार्नेछ।

छुद्रहरू छुद्रतामा रमाउँछन् र छुद्रतालाई कूटनीतिक र राजनीतिक सफलता ठान्छन्। भारतको नेपाल नीति छुद्रताको नापोमा नाप्न सकिन्छ। 'फुटाउ र राज गर' भारतको मुख्य हतियार हो। ०१६ साल यताउताका परिवेशमा भद्रकाली मिश्रहरूले जे गरे, त्यो अव सम्भव छैन। नेपाललाई स्थिर हुनदिंदा भारतको सुरक्षा र भारत शक्तिशाली हुन्छ। भद्रकाली मिश्रजस्ता वर्णशंकर बर्बादीमात्र हुन्, नेपालमा त्यस्ता तत्व तैयार गरेर नेपाल अस्थिर होला, तर आधुनिक भारतको पनि क्षयीकरणमात्र हुन्छ।

*– बागमति र राजनीतिबाट*

# चारु देवता पनि अलपत्र

...काजु खाएर ज्याल काढ्ने कोटीका भइहाले, जनयुद्ध गरेर जनसंविधान लेख्छु भन्नेहरूको टोलमा समेत पजेरोको लस्कर देखिन्छ। लोकतन्त्रको यो विकासले लोकको होइन, लोकनेताका आवरणमा नयाँ सामन्तहरूको बिस्तारित साम्राज्य फैलिदै छ।

गणतन्त्रका ठूला कुरा गर्ने दलका नेताहरू दिल्लीको आदेश मान्छन्, भारतीयहरूको नक्कल गर्छन्। तर, राष्ट्रिय नीति र मुद्दामा भारतीयहरू जहिले पनि एक भएको देखेर पनि त्यसको सिको चाहिं गर्न सक्दैनन्। त्यसैले दलका नेतामध्ये कोही पनि महात्मा गान्धीजस्तो आदरणीय बन्न सकेनन्। गान्धीले भारतलाई स्वतन्त्रता दिलाए। चाहेको भए उनी अकंटक राज्य गर्न सक्थे। उनी कहिले पनि सत्तामा उक्लेनन्, चर्खा च्यापेर खादी आदर्श स्थापित गर्दै हिंडे। लण्डनमा सिएको लुगा पेरिसमा धोएर लगाउने सामन्त नेहरू सत्तामा पुगेपछि उनले आफ्नो आनन्द भवन नै राज्यलाई सुम्पिदिए। त्यही भारतमा लालबहादुर शास्त्री पनि सत्तामा पुगे। आज पनि भन्ने गरिन्छ, त्यागका नाम महात्मा गान्धी, दानका नाम लालबहादुर शास्त्री। लालबहादुर शास्त्री एकपल्ट तासकन्द पुगे। उनको सादगी देखेर ब्रेझनेभ तीनछक्क परेको समाचार सार्वजनिक भएको थियो। के नेपाली नेतामा राष्ट्र उठाउने, राष्ट्र चिनाउने, राष्ट्र बनाउने त्यस्तो बलियो आत्मबल र राष्ट्रिय भावना, त्यस प्रकारको त्याग र प्रतिबध्दता छ ? दलका नेताहरू स्वार्थको पुडिया हुन्। खोल्दा पनि स्वार्थ, नखोल्दा पनि स्वार्थ। यो स्वार्थभित्र राष्ट्रिय स्वार्थ छैन। यस्ता नेताहरूलाई दक्षिण अफ्रिकाका नेल्सन मण्डेलाको जीवन र जनताप्रतिको त्याग र बलिदान एउटा सिनेमाको दृश्यमात्र हो। घटनाक्रमले देखाएका छन्- दलहरू व्यापारी हुन्, मुनाफा तिनको पेशा हो। व्यापारीको न देश हुन्छ, न राष्ट्रियता। व्यापारीको धर्म मुनाफा हेर्नु हो। मुनाफाका लागि व्यापारी जे बेच्न पनि तैयार हुन्छन्। राजनीति ब्यापार बनेको देशमा राष्ट्रधर्म खोज्नुहुन्न। यिनले नयाँ नेपाल बनाउँछन् ? लाटाको देशमा गाँडो तन्नेरी भनेझैं नेताहरू राजनीतिका गाँडो तन्नेरी हुन्।

राजनीतिक बर्गसँग राष्ट्रका समस्या समाधान गर्ने आज पनि सामुहिक राष्ट्रिय नीति छैन। यिनीहरूसँग राष्ट्रिय झण्डा छैन, सीमा छैन, नागरिकता छैन, नेपालीत्व र नेपाली स्वतन्त्रता पनि छैन। जोसँग राष्ट्रिय नीति हुँदैन, उसले राष्ट्र हाँक्न पनि सक्दैन। यो गठबन्धन त राजासँग सत्ता र शक्ति खोस्ने विदेश प्रायोजित एकतामात्र थियो। यस्तो एकता खतरनाक हुन्छ, भइरहेको पनि छ। त्यसैले बलियो जनअधिकार बन्नुपर्नेहरूको नैतिकबल खस्कियो। अपराध बढ्यो, लोकतन्त्र लुटशास्त्र बन्नपुग्यो। पञ्चायतको कालरात्री गएर कूशासन आयो। १५ महिने शाही शासनकाललाई निरङ्कूशतन्त्रको तातो पन्यू डामियो। त्यसपछिको १८ महिने सात दलको शासन, परिवर्तनबाट आएको ९ महिने र ११ महिने लोकतान्त्रिक शासन लूटको धन फुपुको श्राध्द भन्दा भिन्न रहेन। चारु देवता देश हो। देश अलपत्र छ। युवा अब त उठ, देश सम्भाल।

# नाटककार पहलमानसिंह स्वाँर



**– लेखक : गोपाल पराजुली –**

नेपाली साहित्यमा नाटकका पुस्तकहरू धेरै छन् । कुनै नाटक पढ्दा मन खुसी हुन्छ, कुनै नाटक पढ्दा मन दुःखी हुन्छ । नेपाली साहित्यमा मन दुःखी पार्ने नाटकको शुरु अटलबहादुर नाटकबाट भएको हो । त्यो नाटक वि.सं. १९६२ सालमा छापिएको थियो । त्यो नाटक लेख्ने नाटककार पहलमानसिंह स्वाँर हुन् ।

पहलमानसिंहको जन्म वि.सं. १९३५ साल मंसिर ६ गते बुधबार अछाम जिल्लाको रिडिकोटमा भएको थियो । उनका बाबुको नाउँ लक्ष्मीसिंह स्वाँर र उनकी आमाको नाउँ डिकुरादेवी थियो । पहलमानसिंह सानैदेखि तीखो बुद्धिका मान्छे थिए । उनलाई पढ्न असाध्यै मन लाग्थ्यो । तर त्यतिबेला अछाममा विद्यालयहरू थिएनन् । त्यसैले उनले घरमै भएका संस्कृत र नेपाली भाषाका पुस्तकहरू पढेर पढ्ने बानी बसालेका थिए । उनले हिन्दी र अंग्रेजी भाषाका पुस्तकहरू धेरै पढे । शैक्षिक योग्यताको कुनै प्रमाणपत्र नलिए तापनि उनी धेरै विषयमा जानकार थिए । त्यसैले उनले विभिन्न विषयका धेरैवटा पुस्तक लेखे र छापे ।

पहलमानसिंहका बाबु ठेकेदार थिए । १९५२ सालमा उनले लिएको ठेक्कामा उनलाई धेरै नोक्सान पर्‍यो । त्यसमा पनि त्यतिबेलाका राणा प्रधानमन्त्री वीरशमशेरले ठेक्काको ५० हजार रुपैयाँ सरकारलाई बुझाउनुर्ने निर्णय गरे । उनको ठेक्का पनि छुट्यो । उनको घर सरकारले लियो । सरकारको ऋण तिर्न नसकेपछि 'लक्ष्मीसिंहका घरमा भएका व्यक्तिहरूमध्ये १६ वर्ष नाघेका सबैलाई नेल ठोकी कैद हाल्नू' भन्ने आदेश दिए । लक्ष्मीसिंहका साथै उनका एक छोरा पनि पक्राउ परे । पहलमानसिंहचाहिँ त्यो खबर थाहा पाएर भारततिर भागे । उनी भारतको लखनउ हुँदै सिंगाही भन्ने ठाउँमा पुगे । उनी त्यहाँकी रानी सुरतकुमारीको आश्रयमा बसे । त्यहीं बस्दाबस्दै उनले 'एल.पी.स्वार कम्पनी' भन्ने संस्था खोलेर व्यापार गर्न लागे । त्यहीं बसेका बेला उनले **प्रेमामृत वचनसङ्ग्रह, अङ्केन्दुशेखर, अटलबहादुर र आनन्दराज** नाउँका किताबहरू लेखे ।

पहलमानसिंहलाई बाल्यकालदेखि नै कपडाको सिलाई बुनाईतिर धेरै रुचि थियो । त्यसबेला अछाममा कपासको खेती गरिन्थ्यो र मानिसहरू कपडा बुन्थे । त्यस्तो कपडालाई ठेटुवा भनिन्थ्यो । उनी १९५२ सालमा काठमाडौं आउँदा काठमाडौंको 'घरबुना' नाउँको कपडा देखे । त्यो देखेर उनलाई ठेटुवाबाहेकका अरु कपडा पनि बुन्न जान्ने इच्छा लागेको थियो । तर सिक्ने मौका परेको थिएन । त्यसैले सिंगाहीमा हुँदा उनले कानपुरका थुप्रै कपडामिलहरू हेरे । पछि १९६२ साल चैतमा दश दिनसम्म वनजंगल र पहाडको बाटो पैदलै हिँडेर लुकिछिपी उनी घर पुगे । बाटामा राणाका मान्छेले भेट्टाएका भए उनी पक्राउ पर्थे । तर कसैले देखेन । घर पुगेको दिन बेलुका नै आमा मरेको दुई महिना, बाबु मरेको एक वर्ष र भाइ मरेको दुई वर्ष भएको कुरा उनले थाहा पाए । उनी चिन्तित हुँदै भारततिरै फर्किए ।

त्यसैबेला भारतको बडौदा जेलमा कैदीहरूलाई कपडा बुन्ने काम सिकाइन्थ्यो । त्यहाँबाट पनि उनले कपडा बुन्न सिके । त्यही वर्ष राणा प्रधानमन्त्री चन्द्रशमशेर युरोप जान बम्बई आउँदैछन् भन्ने थाहा पाएर उनी बम्बई पुगे । राजा जयपृथ्वीबहादुर सिंहको सहायताले उनले चन्द्रशमशेरलाई भेटे र आफूले तयार पारेका कपडका नमूनाहरू देखाए । चन्द्रशमशेर उनीसँग खुसी भए र परिवारलाई लगाएको अभियोग माफी दिए । नेपाल आउन मिल्ने पनि बनाइदिए ।

त्यसपछि १९६५ सालमा पहलमानसिंह काठमाडौं आए । त्यसबेला काठमाडौंमा उनका आफन्त कोही नभएकाले जयपृथ्वबिहादुर सिंहको घरमा बसे । उनले एउटा दरी बुनेर चन्द्रशमशेरलाई उपहार दिए । त्यसपछि चन्द्रशमशेरले कैदीहरूलाई कपडा बुन्न सिकाउने जागिर उनलाई दिए । उनी कैदीहरूलाई कपडा बुन्न सिकाउन थाले । १९७४ साल भदौमा यिनको सरुवा अछामको जेलमा भयो । उनी त्यहाँ हुँदा एउटा चोरीको घटना

## जीवनी

भयो । त्यही घटनालाई लिएर उनले एक लाख रुपैयाँको चोरी भन्ने पुस्तक लेखे । १९७४ साल चैतमा जेलबाट कैदी भागेको मुद्दा लगाएर उनको जागिर खोसियो । त्यसपछि परिबन्धमा परेर अरुको ठेक्का उनले चलाउनुपर्‍यो । तर त्यो ठेक्कामा उनलाई धेरै नोक्सान सहनुपर्‍यो । नोक्सान मात्र सहनुपरेको भए त ठीकै हुन्थ्यो, उनलाई डिल्लीबजार जेलमा ल्याएर थुने । जेलको नराम्रो वातावरण र कैदीहरूको दुर्दशा देखेपछि उनले जेलमै **'खोर रहस्य'** भन्ने किताब लेखे र चन्द्रशमशेरलाई पठाइदिए । चन्द्रशमशेर खुसी भई उनलाई जेलबाट निकालिदिए ।

त्यतिबेला चन्द्रशमशेरका नातिहरूको विवाह गर्नुपर्नेथियो । त्यसैले चन्द्रशमशेरले पहलमानसिंहलाई केटी खोज्ने कामको जिम्मा दिए । पहलमानसिंह पनि भारतका विभिन्न शहरमा घुमे ।

भारतको सिमलामा बसेका बेला उनले **'रत्नावली'** र **'अभिज्ञान शाकुन्तल'** भन्ने नाटकको अनुवाद गरे । त्यहाँबाट फर्केपछि १९८१ सालमा उनले जेलकारखानको डिठ्ठामा जागिर पाए । उनले 'नेपाल उद्योग कला कम्पनी' पनि खोले । जेलकारखानामा लागेको रकम माल बिक्री गरी बुझाउनुपर्थ्यो । तर माल बिक्री गर्न नसकेकाले एक पटक केही रकम नोक्सान भयो । त्यसैले १९८९ साल भदौमा उनी फेरि जेल परे । उनको जागिर पनि छुट्यो ।

राणा प्रधानमन्त्री जुद्धशमशेर १९९० सालमा कैलाली कञ्चनपुरमा शिकार गर्न जाने भए । शिकार गर्न जाने टोलीलाई खानका लागि आवश्यक पर्ने सबै सामानको ठेक्का पहलमानसिंहले पाए । उनले सम्पूर्ण सामान किने । तर माघ २ गते ठूलो भूकम्प गएकाले जुद्धशमशेर तुरुन्तै काठमाडौं फर्किए । पहलमानसिंहले किनेका सबै सामान खेर गए । उनलाई ठूलो नोक्सान पर्‍यो । उनी कैलालीमा गएर बसे र आफैंले आवाद गरी गाउँ बसाले । त्यहाँ बसेर पनि उनले अरु पुस्तक लेखे ।

आफ्नो जीवनकालमा उनले धेरै पुस्तक लेखे तर सबै पुस्तक छापेर प्रचार गर्न पाएनन् । उनी मरेपछि मात्र उनका धेरै पुस्तकहरू छापिए । उनका पुस्तकहरू यी हुन्-

**नाटक- अटलबहादुर, विमलादेवी, लालुभागा** (पहिलो भाग, अछामी भाषामा), **विष्णुमाया, जगत्सिंह ।**

**कविता-काव्य- प्रेमामृत** वचनसङ्ग्रह, **बालोपदेश, प्रेमरञ्जन शृंगार, अछामका चाडपर्व, खोररहस्य ।**

**धर्म-दर्शन-** योगदर्शन, किष्किन्धाकाण्ड, पहलमान भजनमाला ।

**इतिहास-** स्वाँरको कुरा

**पाठ्यपुस्तक- अङ्केन्दुशेखर, कताइ-बुनाइ**

**कथा- एक लाख रुपियाँको चोरी,अनुवाद- अभिज्ञान शाकुन्तल** नाटक, **रत्नावली नाटिका**

**विविध-** सदर जेलकारखानाको नियम, नेपाल उद्योग कला कम्पनीको साधारण नियम, सदर जेलकारखानामा बनेका र बन्ने मालको सूचीपत्र, करसम्बन्धी एक सुझाव ।

यसरी उनका २३ वटा पुस्तक प्रकाशित भएका छन् । नेपाली भाषा प्रकाशिनी समितिमा प्रकाशन गर्नका लागि दिंदा उनका पाँचवटा पुस्तक हराएका छन । ती पुस्तक हुन्- १. पदमकुमारी, २. मेघदूत, ३. रघुवंश, ४. जगी जगीन्या, ५. लालुभागा (दोसो भाग) । यसबाहेक आनन्दराजजस्ता अरु कैयौं पुस्तक अझै छापिन बाँकी छन् ।

पहलमानसिंहको निधन अनेकौं दुःख पाएर ५६ वर्षको उमेरमा १९९१ साल जेठ ७ गते आइतबार कैलाली जिल्लाको पहलमानपुरमा भयो । निधन भएको धेरै वर्षपछि मात्र उनका पुस्तकहरू निस्कन थाले । बाँचुञ्जेल पाउनुपर्नेजति मानसम्मान उनले पाएनन् । उनको निधनपछि उनको चित्र राखेर हुलाक टिकट प्रकाशित भएको छ । कैलालीमा पहलमान पुस्तकालय खोलिएको छ । 'पहलमानसिंह स्वाँर स्मृति प्रतिष्ठान' भन्ने साहित्यिक संस्था खुलेको छ । पहलमानसिंह पुरस्कार दिन पनि थालिएको छ । निधन भएको धेरै वर्षपछि उनी नेपाली दुःखान्त नाटकका प्रथम स्रष्टाका रुपमा चर्चित भएका छन् ।

*– पच्चिस प्रतिभा भाग-२बाट*

**बाल कविता**

## गोर्खालीको सान

*– सागर सापकोटा*

म जान्छु मेरो स्कूल
जान पाइन भने हुन्छु म व्याकुल
स्कूलमा छन् धेरै गुरु
गुरुले भनेको काम गर्छु ।

शिक्षक शिक्षिका सबै
ज्ञान शिक्षा दिन्छन्
कतिजना स्कूल जान नपाई
धुरु-धुरु रुन्छन् ।

शिक्षा पाएँ मैले
मेरो पुष्पसदनमा
दिएँ मैले धन्यवाद गुरुलाई
असल आदरमा ।

मलाई पनि कस्तो लाग्छ
एकछिन स्कूल जान नपाए
झन् कस्तो होला सडक बालबालिकालाई
सधैं स्कूल जान नपाए ।

*कक्षा-७*
*पुष्पसदम आ.मा.वि.*
*कीर्तिपुर, काठमाडौं*

## महामानव गौतम बुद्ध

"बुद्धम शरण गच्छामि" बुद्धको शरणमा जान्छु किनभने बुद्धको शरणमा सुख र शान्ति मिल्छ । आज गौतम बुद्ध छैनन् तर उनले दिएका ज्ञान र उपदेशबाट मानिस बुद्धका शरणमा पुग्न सक्छन् । बुद्धले भनेका थिए 'संसारका सबै वस्तु नाशवान छन् । ती वस्तुप्रति मोह राख्नु दुःखको कुरा हो । हृदयदखि नै पवित्र भावले सेवा कार्यमा लागेमा दुःखबाट छुटकारा पाउन सकिन्छ र अन्त्यमा मुक्ति मिल्छ ।' यी विचारहरूको पालना गर्नाले मानिसलाई धार्मिक सुख मिल्दछ र आत्मामा शान्ति हुन्छ । यही विश्वासमा विश्वका अरबौं मानिसहरू बुद्ध धर्मको पालना गर्दछन् र गौतम बुद्धलाई भगवान् भनेर पूजा गर्दछन् ।

कपिलवस्तुका राजा शुद्धोदनका छोरा सिद्धार्थ गौतम नेपालको राष्ट्रिय विभूतिका रुपमा चिनिन्छन् । उनी जन्मनासाथ सात पाइला हिँडेका थिए भन्ने भनाइ चलेको पाइन्छ । राजाको कूलमा जन्मेर पनि उनी दरबारिया रमझममा पटक्कै भुलेनन् र एकदिन घर-परिवार नै त्यागेर शान्तिको खोजीमा भौतारिएर हिँडे । रोज्दा के पाइँदैन भनेझैं एकदिन उनले भारतको गया भन्ने ठाउँमा बुद्धत्व प्राप्त गरे । त्यसैबेलादेखि उनी बुद्धका रुपमा प्रसिद्ध भए । उनका उपदेश हामी सबैका लागि मार्गदर्शक बनेका छन् । उनले स्थापना गरेको बौद्धधर्म विश्वमै प्रसिद्ध छ र यस धर्मका अनुयायीहरूको संख्या दिन-प्रतिदिन बढ्दो छ । उनले हाम्रै मुलुकमा बसेर विश्वभर शान्ति सन्देश फिँजाएका थिए । उनले हजारौं मानिसलाई दीक्षा दिएका थिए । यसपछि क्रमिकरुपमा उनका उपदेशको निकै प्रचारप्रसार भयो । बुद्ध मध्यमार्गी विचारका व्यक्ति थिए । यसरी उनले नेपालको नाउँ विश्वभर नै फैलाएका हुन् र विश्वमा नेपाल 'बुद्धको देश'का नाउँले पनि प्रसिद्ध छ । बुद्ध धर्मका संस्थापक महामानव गौतमबुद्धको निधन ८० वर्षको उमेरमा भारतको बोधगयामा भएको हो ।

*– कृपा खनाल*
*कक्षा-८, जगत मन्दिर उमावि, चावहिल*




रत्न पुस्तक भण्डारबाट प्रकाशित नयाँ बालसाहित्यका पुस्तकहरू सर्वत्र बजारमा उपलब्ध छन् ।

खोजी जोखी किनौं र पढौं । आफ्ना बालबालिकालाई पनि पढाऔं ।













रत्न पुस्तक भण्डार
बागबजार, काठमाडौं

# IdSsLsf]hlQm

## बाल-कथा

– गंगा पौडेल –



धेरै वर्ष पहिले एउटा घरको स्टोरमा एकजोडी छुचुन्द्रोले गुँड बनाएका थिए । त्यो स्टोरमा पुराना भाँडाकुँडा, थोत्रा फर्निचर, कागजका खाली बाकसहरू मात्र थुपारिएका थिए । ती सामानहरू दैनिक प्रयोगमा नआउने हुँदा सितीमिति ढोका खोलेर स्टोरभित्र कोही पनि पस्दैनथे । त्यसैले छुचुन्द्रोलाई ढुक्क थियो ।

छुचुन्द्रोका चारवटा साना-साना छाउराहरू थिए । तिनीहरूको नाम मिक्की, सिक्की, डिक्की र रिक्की राखिएको थियो । विस्तारै ती छाउराहरू ठूला हुँदै गए । जीउमा रौंहरू पनि उम्रन थाले । पेट पनि बढदै गयो, आमाको दूधले मात्रै पुगेन थप खानेकुरा पनि खुवाउनुपर्ने भयो । बाबु छुचुन्द्रो र आमा छुचुन्द्री पालैपालो आहारा खोज्न जान थाले । एकजना बाहिर गएको बेलामा अर्कोले बच्चाहरू रुँगेर बस्ने गर्थे । दिन बित्दै जाँदा ती छाउराहरू अझै बढ्दै गए । गुँडभित्र मात्र नबसेर बाहिर निस्किएर चक्-चक् पनि गर्न थाले । छिन छिनमा 'भोक लाग्यो, भोक लाग्यो' पनि भन्न थाले । एकजनाले खोजेर ल्याएको आहारा पर्याप्त भएन, त्यसकारण एकदिन आमाले छाउराहरूलाई भनिन्, 'हामी दुवै जना आहारा खोज्न जान्छौं । तिमीहरूलाई मनपर्ने पाउरोटी, बिस्कुट, चक्लेट, गाँजर, अरु पनि धेरै चिज ल्याइदिन्छौं । तिमीहरु ज्ञानी भएर गुँडभित्रै बसिराख । बाहिर निस्क्यौ भने बगैंमा एउटा कालो सर्प बसेको छ । त्यसले भेट्टायो भने एकै गाँस पार्छ, त्यसैले कतै नजानू । हामी छिट्टै फर्कन्छौं ।' त्यति भनेर छुचुन्द्रोय जोडी आफैंले जमिनमुनी खनेर बनाएको सुरुङको बाटो हुँदै बाहिर गए ।

बाबा-आमा बाहिर जानासाथ मिक्कीले भन्यो 'हामी पनि बाहिर गएर हेरौं न । त्यो कालो सर्प कत्रो रहेछ ?' सिक्कीले भन्यो 'नाइ म त जान्न आमाले बाहिर नजानु भन्नुभएको छ ।' डिक्कीले भन्यो 'बाबा आमाले थाहा पाए रिसाउनुहुन्छ' रिक्कीले भन्यो 'म त जान्न, त्यो कालो सर्पले खायो भने के गर्ने नि ?' मिक्की सबैभन्दा टाठो, बाठो र सूरो थियो । उसले फेरि भन्यो 'धत लाछीहरू म छँदैछु नि किन डराउँछौ ? त्यो कालो सर्प एउटा छ र हामी चार भाइ छौं ।' आमाले भन्नुभएको थियो 'भाइ-भाइ मिलेर एक भएमा जस्तोसुकै संकटबाट पनि पार पाउन सकिन्छ । कुनै शत्रुले पनि हाम्रो नोक्सान पुऱ्याउन सक्तैन ।' फेरि हामीले त्यो सर्पलाई देखेका पनि त छैनौं । नाममात्रै सुनेर त्यसको डर मनमा पालेर कतिञ्जेल बस्ने ? लौ हिंड छिटो बाबा-आमा आउनु अगाडि हामी फर्किसक्नुपर्छ ।'

मिक्कीले सुन्याएपछि उसको पछिपछि तीनैजना छाउराहरू सुरुङको बाटो हुँदै बगैंचामा पुगे । त्यहाँ हरियो चौर रंगीचंगी फूलहरू फुलेका देखेर दंग परेर तिनीहरू बुर्कुसी मार्दै उफ्रँदै खेल्न थाले । बगैंचाको कुनामा ठूलो ढुंगाको मुनी चेपमा लुगेर बसेको सर्पले देखेर 'फ्वाँ...' गर्दै फणाँ फुलाएर लिप्रिलिप्रि जिब्रो निकाल्दै छुचुन्द्रोको छाउराहरूले नजिकै आयो । त्यो सर्पले हकार्दै भन्यो 'ए फुच्चा हो ! यहाँ किन उफ्रेको ? यो त मेरो एरिया हो बुझ्यौ ? अब म तिमीहरूलाई एउटा एउटा गरेर निलिदिन्छु ।'

छुचुन्द्रोका अरु छाउराहरू मिक्कीबाहेक अरु सबै डराएर थरथर काप्न थाले । मिक्कीले एउटा जुक्ति निकाल्यो र सर्पलाई भन्यो 'नमस्ते, हामी तपाईंलाई नै भेट्न आएका हौं । तपाईं ठूलो समाजसेवी हुनुहुन्छ रे, बालक, वृद्ध, असहायलाई साह्रै माया गर्नुहुन्छ रे, मद्दत गर्नुहुन्छ रे भनेर टोलमा सबैको मुखबाट तपाईंकै नाम सुनेर आएका । तपाईंलाई भेट्न पाएर साह्रै खुशी लाग्यो ।' मिक्कीको मीठो कुरा सुनेर सर्प मख्ख पऱ्यो र जिउ फुलायो, गर्धन ठूलो पाऱ्यो र भन्यो 'तँ त साह्रै बाठो रैछस् । मलाई फकाएर उम्किन खोजेको ?' मिक्कीले फेरि भन्यो 'हामीले मात्र हैन, तपाईंको प्रशंसा सबैले गर्छन्, नपत्याए अहिले नै तपाईंका ती प्रशंसकहरूलाई यहाँ जम्मा पारिदिन सक्छु ।'

सर्पलाई आफ्नो प्रशंसा सुन्ने अभिलाषा जागेर आयो र भन्यो 'लौ बोला न त ।' मिक्कीले शर्त राख्यो 'म नफर्कुञ्जेल मेरा भाइहरूलाई कुनै हानी नोक्सानी पुऱ्याउनुहुने छैन ।' सर्पले भन्यो 'केही पनि गर्दिन, ढुक्क भएर जाउ ।' मिक्कीले तीनैजना भाइहरूलाई बोलाएर कानमा भन्यो सर्पले नसुन्ने गरी 'तिमीहरू कत्ति नडराउ । आज यो घमण्डी दुष्ट सर्पको ठेगान लगाएरै छोड्छु ।'

मिक्की कुद्दै कुद्दै मामा न्याउरीमुसोलाई बोलाउन गयो । बगैंचादेखि अलिपर एउटा बूढो रुखको फेदमा पुग्यो । त्यहाँ न्याउरीमुसा सुतिरहेको देख्यो र 'मामा ! नमस्ते' भन्यो । न्याउरीमुसाले मिक्कीको स्वर सुनेर उतिर हेर्दै भन्यो । 'तिमी डराएको जस्तो देखिन्छौ, के पऱ्यो भन' मिक्कीले आफ्नो भाइहरू सर्पबाट खतरामा परेको कुरा सुनायो र मद्दतका लागि आग्रह गऱ्यो । न्याउरीमुसो पनि त्यो सर्पको यत्रो हिम्मत भन्दै जंगिएर मिक्कीसँगसँगै बगैंचातिर गयो । मिक्कीको बाटो हेरी बसेको सर्पले न्याउरीमुसो आएको देखेर नागबेली पर्दै त्यहाँबाट कुलेलम ठोक्यो । छिटो छिटो दुलोभित्र पसेर बाहिरको गतिविधि चिहाएर हेऱ्यो । न्याउरीमुसाले सर्पको दुलो छेउमा उभिएर हपार्दै भन्यो 'आइन्दा मेरो भाञ्जा-भाञ्जीलाई मात्र होइन, छुचुन्द्रो जातिलाई नै छोइस् मात्र भने पनि तेरो साखा सन्तान नै बाँकी राख्ने छैन, बुझिस्' भनेर थर्कायो, त्यो बेलादेखि सर्पले छुचुन्द्रोलाई आहारा बनाउनै छोड्यो । मिक्कीको जुक्तिले आफू र आफ्नो भाइहरूको साथै छुचुन्द्रो जातिलाई नै सर्पदेखि सुरक्षित बनायो ।

## मैले कोरेको चित्र



सोनाम शेर्पा, कक्षा-६, मानसिद्धार्थ बोर्डिङ स्कुल, कुमारीगाल

# दुर्लभ कृष्णसार

## जीवजन्तु

समयको अन्तरालमा नेपालमा मध्यपश्चिम भूखण्डको बर्दिया जिल्लामा मात्र प्राकृतिकरुपमा सीमित रहन गएको विश्वकै अत्यन्त दुर्लभ वन्यजन्तु कृष्णसार वि.सं. २००८ सालतिर बाँके, बर्दिया, कैलाली, कञ्चनपुरको मैदानी भू-क्षेत्रमा अत्यधिकरुपा पाइन्थ्यो भन्ने कुरा त्यस क्षेत्रका हाम्रा अग्रजहरू बताउनुहुन्छ । शिकारको लागि प्रसिद्ध तराईका यी पश्चिमी क्षेत्रहरूमा चित्तल (मृग)को शिकार गर्ने सिलसिलामा क्रमिकरुपले कृष्णसार लोप हुँदै गएको कुरा त्यस क्षेत्रका अनुभवीहरू व्यक्त गर्नुहुन्छ । विश्वसम्पदा सूचीमा पर्ने २६ जातिका दुर्लभ वन्यजन्तुमध्येको एक कृष्णसार (Black Buck, Antelops Cervicapra) बर्दिया जिल्लाको सदरमुकाम गुलरिया नगरपालिकाको वडा नं. २ पण्डितपुर पटाहा क्षेत्रमा हामलसम्म पनि प्राकृतिकरुपमै विचरण



गरिरहेको दृश्य त्यहाँ पुग्ने जो कसैले पनि प्रत्यक्षरुपमा देख्न सक्दछ ।

वि.सं. २०५७ साल कृष्णसार संरक्षणको दृष्टिकोणले अत्यन्त निराशाजनक रहेको कुरा गुलरिया नगरपालिकाका सचिव प्रेमराज गिरी बताउनुहुन्छ । यस वर्ष केवल ४२ वटाको संख्यामा सीमित हुन पुग्नुले कृष्णसारको अस्तित्व र भविष्यको प्रश्न एकैसाथ उपस्थित हुन पुगेको छ । हुन त कृष्णसारको विगतलाई कोट्याउने हो भने यसको उत्थान र पतन अर्थात् यसको संख्यात्मक उतारचढाव निरन्तररुपमै चलिरहेको छ र आशा गर्न सकिन्छ- भविष्यमा यसको वृद्धि अवश्य पनि हुनेछ । नयाँ मुलुकको समथर भूभागमा फैलिएको कृषणासार वि.सं. २०२२/२४ सालतिर देखिनै बर्दियामा मात्र सीमित रहन गएको हो भन्ने धेरैजसोको आशंका रहेको छ । साथै वनजंगलको व्यापक फँडानी, बस्तीविस्तार र पुनर्वास कार्यक्रमबाट प्रत्यक्ष-अप्रत्यक्षरुपले तीव्र मारमा कृष्णसार पर्न गयो । फलस्वरुप वि.सं. २०३२ सालतिर यसको संख्या नौमा झर्न पुग्यो । त्यसैगरी वि.सं. २०३३ मा ३८ वटा, वि.सं २०४० मा ६६, वि.सं. २०४२ मा १३०, वि.सं. २०४४ मा १६४, वि.सं. २०४६ मा १७७, वि.सं. २०४९ मा १७७, वि.सं २०५३ मा १०९, वि.सं. २०५४ मा १०१, २०५७ मा ४२ वटा कृष्णसार रहेको जानकारी गुलरिया नगरपालिकाका प्रमुख गोविन्दप्रसाद पाण्डेयले गराउनुभएको छ । तथ्यांकले कृष्णसारको गुणात्मक र संख्यात्मक वृद्धि र ह्रासको क्रमलाई स्पष्ट गर्दछ भने यसको भविष्यको लागि सोच्न र गम्भीर हुनुपर्नेतर्फ पनि सचेत गर्दछ । हाम्रो सामाजिक धारणा छ- कृष्णसार पवित्र जीव हो र जहाँ कृष्णसारको बास हुन्छ, त्यो भूमि पवित्र र पावन हुन्छ । कृष्णसारलाई प्राचीनकालमा कुटी, ऋृषिमुनिको आश्रम वरिपरि विचरण गर्ने पवित्र जीव भनी विश्वास गर्ने हाम्रो सामाजिक धारणालाई केही हदसम्म किन पनि विश्वास गर्न सकिन्छ भने आज पनि कृष्णसार मानव बस्ती र झुपडीको छेउछाउ र जंगल किरानामा रहन र विचरण गर्न रुचाउँछ । मानिससितको संगत कृष्णसारको आफ्नै किसिमको मौलिक र विशिष्ट गुणको रुपमा रहेको छ भने आफ्नो यही स्वभावका कारण ऊ संकटमा पनि परेको छ । कृष्णसारका अन्य आश्चर्यजनक मौलिक गुणहरू पनि छन् । जस्तै- उफ्रिएर हावाबाटै हावामा तीन फड्को मारी दिशा (मार्ग) बदल्न सक्ने, पुरुषप्रधान जीवन अर्थात् एउटा समूहमा एउटा भाले र धेरै पोथीहरूको समूह हुने, पालुवा र नरम घाँसमात्र खाने शाकाहारी स्वभाव, जन्मेको २४ घण्टामै तीव्र गतिमा दौडन सक्ने, भालेहरू एकआपसमा संघर्ष गरी विजयी हुनेले पोथीहरूमाथि एकलौटी अधिकार जमाउने र परास्त हुने वहिस्कृत भई एक्लो हुनुपर्ने, दुई भाले एक आपसमा संघर्ष गरिरहँदा पोथीहरू दर्शक भएर हेरिरहने आदि आदि विशेषताहरू रहेका छन् ।

आकर्षक र दुर्लभ वन्यजन्तु कृष्णसारको संरक्षण र सम्बर्द्धन वर्तमानको चुनौती र हाँकको रुपमा आज बर्दिया जिल्लाबासी, सरकार एवं विभिन्न सामाजिक संघसंस्थाहरूबीच खडा भएको छ । यद्यपि संरक्षणका अभियानहरू शुरु नगरिएका होइनन् तापनि एउटा ठोस गुरुयोजनाको सख्त जरुरत रहेको पाइन्छ । कृष्णसार पानी नजम्ने, सुख्खा र खुला चउरमा विचरण गर्ने भएको हुँदा बबई (भादा) नदीको किनारस्थित यस्ता सुख्खा जमिनको संरक्षण र मानव एवं पाल्तु कुकुर तथा जंगली हिंस्रक जन्तुको तीव्र प्रकोपबाट कृष्णसारलाई मुक्त राख्न सकिएको खण्डमा यसको प्रजनन र गुणात्मक विकास नहुने होइन । हुन त जमिनको संरक्षणको लागि जमिनलाई एकीकृत र चक्लाबन्दी गर्ने क्रममा २५१ बिगाहा नम्बरी, १५३ बिगाहा ऐलानी र ३०४ बिगाहा जंगल गरी कूल ७०८ बिगाहा जमिनलाई समाहित गरी योजनाबद्ध ढंगले कृष्णसारको संरक्षण गर्ने सोचलाई सार्थक तुल्याउन अधिकरण गरिएका २४५ बिगाहा जमिनको कूल १ करोड ८० लाख लगानी भएको कुरा गलुरिया नगरका प्रमुख श्री पाण्डेयले उल्लेख गर्नुभएको छ । यसरी प्रस्तावित कृष्णसार संरक्षण क्षेत्रको कूल ७०८ बिगाहा जमिनको समुचित संरक्षण, सम्बर्द्धन र उपयोग गर्न सकिएको खण्डमा पनि दुर्लभ कृष्णसार बर्दिया जिल्लाको तर्फबाट मुलुक र तमाम प्रकृतिप्रेमीहरूको लागि अनुपम उपहार हुनेछ भन्ने कुरामा विश्वास लिन सकिन्छ ।

*– सुनिल पोखरेल*

# संविधानमा झुपडीमा बस्नेको अधिकार लेखिनुपर्ने

*मनिता चाम्लिङ्ग*

अहिले मुलुक लगामबिनाको घोडाजस्तै भएको छ। पढेलेखेका नेताहरूले देशको भविष्य बिगारे। रातमा पनि मलाई देशकै चिन्ताले सताउँछ देशको भविष्य के होला भनेर।" धरानमा फलफूलको व्यापार गर्दैआएकी ६५ वर्षिया होमकुमारी बर्देवाले आफ्नो मनभित्रको चिन्ताको पोको यसरी फुकाइन कि उनको कुरा सुनिरहेका वरिपरिका मानिसहरू पनि स्तब्ध भए। होमकुमारी यो देशकी जेष्ठ नागरिक हुन्। उनको भावना र राष्ट्रप्रतिको चिन्ताबारे के संविधानसभामा गएका महिला सभासदहरूलाई थाहा छ? होमकुमारीलाई उनको अधिकारको बारेमा नयाँ संविधानमा के लेखिएको छ भन्ने कुरा थाहा छैन तर देशको भविष्यप्रति चिन्ता छ ठीक त्यसरी नै जसरी एउटी आमाले आफ्नो सन्तानको भविष्यप्रति चिन्ता गर्छिन्। उनी भन्छिन्- "हाम्रा पालामा पढ्ने चलननै थिएन। अहिले बुढेशकालमा आएर मात्र अधिकारका कुराहरू बुझ्न थालेकी छु।" अब बन्ने संविधानले महलमा बस्नेहरूको मात्र नभई झुपडीमा बस्ने महिलाहरूको अधिकार पनि समेट्नुपर्ने उनको धारणा छ। बोल्दा बोल्दै होमकुमारीले कल्पनामा डुबेर भनिन्, 'मैले पढ्न पाएको भए यतिबेला दुःख पाएका महिलाहरूको नेतृत्व गरिहेको हुन्थे।' भन्ने उनलाई संविधान बनाउने काममा भन्दा पनि नेताहरू विदेशबाट देश विकासको लागि आएको सहयोग रकम आफ्ना पार्टी नजिककालाई फाइदा पुग्नेगरी दुरुपयोग गरेकोमा दुःख लागेको छ।

अब बन्ने संविधानमा महिलाका अधिकारका कुराहरू सुनिश्चित हुन्छ भन्ने कुरामा नेपाल आदिवासी/जनजाति महासंघ सुनसरीकी उपाध्यक्ष संगीता सुब्बा त्यति धेरै विश्वस्त छैनन्। नयाँ संविधानमा आफ्नो हक, अधिकारका प्रावधानहरू लेखाउन संविधानसभामा जिताएर पठाएका सभासदहरू समेत जनताप्रति बफादार नभएको उपाध्यक्ष सुब्बाको भनाइ छ। सुब्बा भन्छिन्-"अब बन्ने संविधानमा महिलाका अधिकारका कुराहरू सुनिश्चित हुनुपर्छ भन्ने कुरा नेपाली महिलाहरूले बुझ्न थालेका छन्।" पढेरभन्दा पनि विभिन्न संस्थामा आबद्ध भई काम गराइको अनुभवले महिलाहरू आफ्नो अधिकारप्रति सचेत भएको बताउने उनी महिलाले अवसर पाएको खण्डमा नेतृत्व गर्न पछि नहट्ने दावी गर्छिन्। एक्काइसौं शताब्दीका महिलाहरू आफ्ना हक, अधिकारका विषयमा सचेत हुँदै गएको नेपाली कांग्रेसका क्षेत्रीय सह-सचिव पूर्णकला लिम्बूको धारणा छ। उनका अनुसार महिलाहरू हरेक क्षेत्रमा नै पुरुषसरह काम गर्नसक्ने भएकोले अब बन्ने संविधानमा हरेका क्षेत्रमा पचास प्रतिशत अनिवार्य महिलाको प्रतिनिधित्व हुनुपर्छ। संविधानमा पनि यही लेखिनु पर्छ। उनी भन्छिन्-"आर्थिक, सामाजिक, राजनैतिक लगायतका क्षेत्रमा नै महिलाको पहुच पुरुषसरह नै हुनुपर्छ।

महिलाहरूको हक अधिकारका कुरा संविधानद्वारा नै सुनिश्चित हुने विश्वासका साथ नयाँ संविधानमा आफ्ना अधिकारका कुराहरू सम्बोधन गराउन महिलाहरू पनि आ-आफ्नो तरिकाले लागि परेको सह-सचिव लिम्बूले वताइन्। २०६२/२०६३ को जनआन्दोलनपश्चात् महिलाहरूमा चेतना जागेको छ। पहिला नाम पनि भन्न नसक्ने महिलाहरू अधिकारको कुरा संविधानमा लेखाउन लागि परेका छन्। अधिवक्ता पदमप्रसाद लिम्बूका अनुसार संविधानमा महिलाहरूलाई कानुनी अधिकार दिएता पनि सामाजिक र व्यावहारिकरुपमा भने त्यो कार्यान्वयन भएन तर पनि अबको संविधानमा अधिकारका कुराहरू व्यवस्था चाहि अल्छी गर्न हुदैन किनकि स.विधानमा उल्लेख नभई व्यवहारमा माग गर्न सकिन्न। कम्तीमा संविधानमा उल्लेख छ भने विस्तारै व्यवहारमा उतार्न सकिन्छ भन्ने उनको धारणा छ। उनी भन्छन्-" महिलाका बारेमा धेरैवटा कानूनहरू बाझिएका छन्। त्यसैले राज्यका हरेका निकायमा पचास प्रतिशत महिला सहभागिता गराउने बारे संविधानमा नै लेखियो भने महिलाहरूको अधिकार सुनिश्चित हुनेछ।" सडकको किनारमा बस्ने होमकुमारीले जस्तै देशको चिन्ता संविधानसभामा पुगेका नेताहरूले पनि गरे संविधानमात्र होइन देश बनाउन पनि खासै समय लाग्दैन।

# समाचार संक्षेप

## विश्व नेपाली साहित्य महासंघ गठन

काठमाडौं / आदिकवि भानुभक्तको जन्मजयन्तीका अवसरमा विश्वभरका नेपाली स्रष्टाले विश्व नेपाली साहित्य महासङ्घको स्थापना गरेका छन्। विश्वभरका भण्डै डेढदर्जन देशमा रहेका नेपाली साहित्यका स्रष्टाको सामूहिक संलग्नता रहेको सो महासङ्घको अन्तर्राष्ट्रिय केन्द्रीय समिति, केन्द्रीय पार्षद, सल्लाहकार र सम्बद्धता संस्थाको नामावलीसमेत घोषणा गरिएको छ। संस्थापकमा भानुजयन्ती २०६७ राखिएको छ भने महासङ्घका अध्यक्षमा डा मधु माधुर्य (रुस), वरिष्ठ उपाध्यक्षमा गोविन्द प्रेरणा (अमेरिका), उपाध्यक्षमा रमेश पौडेल (काठमाडौं), टङ्क सम्वाहाम्फे (हङकङ) र वीरभद्र ढोली कार्की (सिक्किम भारत), महासचिवमा विश्वासदीप तिगेला (बुनाई/बेलायत), सचिवमा इन्द्र नारथुङे (मलेसिया), साहित्य सञ्चार संयोजकमा प्रदीप थापा मगर (अमेरिका), सङ्गठन सचिवमा भोला शिवाकोटी पुरानोघरे (भुटान, अमेरिका), आर्थिक सचिवमा सुरेन्द्र इङनाम (बेलायत) र आर्थिक सहसचिवमा शर्मिला खड्का (काठमाडौं) रहनुभएको छ।

त्यस्तै सदस्यमा शिवप्रकाश (बोस्टन अमेरिका), सुरेशजङग शाह (बेलायत), हरि शिवाकोटी (क्यानडा), जीवन गाउँले (मलेसिया), गणेश प्रतीक्षा (सेसेल्स), उमा सुवेदी (इजरायल), सन्तोष नेउपाने (बेल्जियम), देवेन्द्र सुर्केली (काठमाडौं), सावित्री काफ्ले (अस्ट्रेलिया), केदार सङ्केत (अफगानिस्तान), भीम कमल (पोर्चुगल), वसन्तमोहन अधिकारी (युएइ), जितमान राई (पेनाङ, मलेसिया)गोबर्द्धन पूजा (अमेरिका), तीर्थसङ्गम राई (कतार), गोविन्द देवकोटा (रुस) छन्। केन्द्रीय पार्षदमा १९ र सल्लाहकार समितिमा आठजना रहेकामा उदाउँदो तारा साहित्यिक समाज पेनाङ मलेसिया, अनलाइन नेपाली साहित्य मञ्च र नेपाली साहित्य प्रतिष्ठान हङकङ महासङ्घसँग सम्बद्ध संस्था रहेका छन्।

## विषालु च्याउ खाँदा चार बिरामी

बर्दिवास, ३२ असार। महोत्तरी जिल्लाको बेलगाछी- ६ मा विषालु च्याउ खाँदा चारजना बिरामी परेका छन्। जङ्गलबाट खोजेर ल्याएको च्याउको तरकारी बिहीबार राति खाएर सुतेका सो बस्तीका २८ वर्षीया सावित्रा बलङ्पाकी, ३० वर्षीया नारायणी दर्लामी, नारायणी दर्लामीका १४ वर्षीय छोरा आशिष र चार वर्षीया छोरी कालिका विरामी परेको परिवारजनले बताएका छन्। खाना खाएर सुतेको केही छिनपछि नै बान्ता गर्ने, रिंगटा लाग्ने र पेट दुख्ने भएर छट्पटाएका चारैजनालाई उपचारका लागि प्राथमिक स्वास्थ्य केन्द्र गौशालामा प्रारम्भिक उपचार गरिएकामा तीनजनालाई थप उपचारका लागि जनकपुर अञ्चल अस्पताल पुऱ्याइएको छ। स्वास्थ्य केन्द्रका प्रमुख डा. इन्द्रजित रजकले बिरामीमध्ये सावित्राको अवस्था सामान्य रहेकाले केन्द्रमै उपचार भइरहेको जानकारी दिनुभयो।

## साना दलका लोहनी र मैनालीको फूर्ति

काठमाडौं / नेपालका ठूला तीन दल भनिनेहरूको चुरीफुरी एकातिर छ भने अर्कातिर 'साना दल'को संज्ञा गरेर आफूलाई नेपाली राजनीतिमा चित्रित गर्ने अर्को चुरीफुरी पनि प्रस्तुत देखिन्छ। कहिले बाइस र कहिले अठार दल भनेर भन्ने यी साना दलका नेताहरू प्रकाशचन्द्र लोहनी, सीपी मैनाली, केशव मैनाली समेतको फूर्ति अहिले निकै गर्जना र गौरवपूर्ण रहेको छ। तर यो फूर्ति मधेशवादीहरूका चार पाँच दलका अगाडि अत्यन्त नाजुकरुपमा देखिन्छ। तैपनि साना दलको यो फूर्तिभित्र सत्ता नेतृत्वको दावीसम्मको शिखरमा रहेको पाइन्छ।

## माओवादी अब पूँजीवादी

काठमाडौं / नेपाली सर्वहारा वर्गको माउ दल भनेर दावी गर्ने एनेकपा माओवादी दल अब पूँजीवादी दलका रुपमा चित्रित हुँदैछ। एनेकपा माओवादीका शीर्ष नेताहरू अब जनसाधारणलाई होइन- स्वयम् र स्वयम्का लागि पूँजी सञ्चय गर्ने र मोजमस्ती गर्ने विषयमा अग्रता राख्छन् भन्ने राजनीतिक तथा आर्थिक विश्लेषकहरू बताउँछन्। एनेकपा माओवादीका शीर्ष नेताहरू अहिले तामझाम पोशाक र आहारविहारका निम्ति अरुभन्दा बढी नै प्रतिस्पर्धी रहेको पनि पर्यवेक्षकीय टिप्पणी छ।

## सुक्खा तरकारी उत्पादन

झापा। खाद्य सुरक्षाका लागि दक्षिणी झापाको चकचकीमा नेपालमै पहिलोपटक 'ड्राई सब्जी' उत्पादन सुरु गरिएको छ। चकचकी-९ स्थित सजीवन कृषि सहकारी संस्थाले परीक्षणका रूपमा ड्राइसब्जी उत्पादन सुरु गरेको हो। मौसमअनुसार उत्पादित सब्जी ड्रायर मेसिनमार्फत सुकाएर भण्डारण गरी मुलुकका ठूला सहर तथा तेस्रो मुलुकसम्म निर्यात गर्ने लक्ष्यका साथ काम थालिएको संस्थाका अध्यक्ष ओमप्रकाश गौतमले बताउनुभयो।

बन्दाकोबी, रायोको गुन्द्रुक, मुला, फूलकोबी, टमाटर, बैगुनलगायतका सब्जी ड्रायरमा सुकाएर प्याक गरिन्छ। यसरी प्याक भएको सब्जी आफ्नो आवश्यकताअनुसार बनाएर खान सकिने संस्थाले जनाएको छ। त्यस्तै प्याज, लसुन, अदुवाको सुठो, आलुको मस्यौरासमेत तयार गर्ने गरिएको छ। विश्व बैंकले गरिबी निवारणका लागि सञ्चालन गरेको 'लौन अब त केही गरौं' भन्ने कार्यक्रमअन्तर्गत बैंकको गरिबी निवारण कोषमार्फत प्राप्त रु १३ लाख ५० हजार तथा स्थानीय किसानले आफ्नो तर्फबाट लगानी गरी ड्राईसब्जी उत्पादन उद्योग सञ्चालन गरेका हुन्। चौहत्र जना स्थानीय किसान सदस्य रहेको संस्थामा प्रत्येकले रु १० हजार लगानी गरेका छन्। तर ड्रायरमा सुकाएर प्याक गरिएको सब्जी ताजाजस्तै हुने स्थानीय किसान महादेव पोद्दारको भनाइ छ। 'सस्तोमा सब्जी नबेचौं' भन्ने कुरा आत्मसात् गरेका स्थानीय किसान ड्राईसब्जीमार्फत आफ्नो उत्पादनको राम्रो मूल्य लिएर आर्थिक स्थिति सुधार्न लागिपरेका छन्। चकचकी, हल्दिबारी, जलथल, राजगढ र गोलधाप गरी पाँच गाविसका किसान आबद्ध उक्त उद्योग, कृषि उत्पादनमार्फत दक्षिणी झापामा आर्थिक क्रान्ति गर्न सफल हुने विश्वास लिइएको छ।


# सिंचाई गरौं, उत्पादन बढाऔं

## नयाँ प्रविधिमा आधारित सिंचाई आयोजना (NITP)

आर्थिक, प्राविधिक, श्रोतको उपलब्धता, भौगोलिक अवस्थिति आदि विभिन्न कराणवस सिंचाई सुविधा पुऱ्याउन नसकिएको कृषियोग्य तथा कपितय अवस्थामा कृषियोग्य भनेर वर्गीकृत गर्न नसकिने क्षेत्रसमेत हाल उपलब्ध परम्परागत प्रविधिभन्दा पृथक प्रविधिको उपयोग गरी सिंचाई सुविधा पुऱ्याउने उद्देश्यले दशौं योजना तथा सिंचाई नीतिअनुसार यो आयोजना आ.व. २०६०/०६१ देखि शुरुवात भएको हो।

आर्थिक तथा सामाजिक रुपमा उपेक्षित एवं पिछडिएका अन्य अवसर तथा विकासको प्रतिफलबाट समेत वञ्चित ज्यादै न्यून आय भएका कृषकहरूको भूमिमा सिंचाई सुविधा पुऱ्याई दीर्घकालीन कृषि कार्यक्रमले परिलक्षित गरेबमोजिम गरिबी न्यूनीकरणका लागि कृषि उत्पादनमा बृद्धि गरी तिनलाई गरिबीको दुष्चक्रबाट निकाल्ने गरिबी निवारणको राष्ट्रिय अभियानमा केही मात्रामा भए पनि योगदान दिनु यस आयोजनाको प्रमुख उद्देश्य हो।

***हाम्रो सन्दर्भमा नयाँ प्रविधिमा आधारित सिंचाई***

हाम्रो सन्दर्भमा नयाँ प्रविपधिमा आधारित सिंचाई भन्नाले निम्न प्रविधि र संरचनाहरू हुन्।

- थोपा तथा फोहरा सिंचाई
- ढिकी पम्प
- वर्षातको पानी संकलन तथा प्रयोग
- पानी संकलनका लागि न्यून लागतका पानी भकारीहरू।

यसका अतिरिक्त सिंचाइका लागि प्रयोग हुँदै आएका पुराना पोखरीहरूको आवश्यक मर्मत सम्भार तथा पुनःस्थापनाको काम पनि यस आयोजनाबाट हुँदै आएको छ।

***अपेक्षित उपलब्धि***

नयाँ प्रविधिका सिंचाई योजनाहरूबाट पूर्ण अपेक्षित प्रतिफल प्राप्त गर्न उपयुक्त प्रविधि र ज्ञानको समायोजन हुनु अत्यन्त महत्वपूर्ण हुन्छ। तथापि नयाँ प्रविधिको प्रयोगबाट अन्य साधारण सिंचाईको तुलनामा पनि १५-५०% बढी उब्जनीको अपेक्षा गर्न सकिन्छ। साथै उपयुक्त बजार उपलब्ध भएमा र बेमौसमी बालीसमेत उत्पादन गरेमा कृषकहरूले उल्लेख्य आर्थिक उपलब्धि हासिल गर्न सक्नेछन्।

अत्यन्त गरिब सिमान्त कृषकहरूलाई परिलक्षित गरी योजनाको अवधारणा ल्याइएको हुँदा सोही अनुरुप न्यून आय भएका सीमान्त कृषकहरूको आयआर्जनमा यस प्रकृतिका योजनाले उल्लेखनीय सुधार ल्याएको छ। तसर्थ गरिबी निवारणमा यस प्रकृतिका योजनाले पुऱ्याउने योगदानको सम्बन्धमा द्विविधा हुनुपर्ने देखिँदैन। यस योजनाको अन्य राम्रो पक्षमा महिला कृषकहरूले उल्लेखनीय सहभागिता रहेको छ। परिणाम स्वरुप प्रायः सम्पूर्ण सम्पन्न योजनाका उपभोक्ता महिला कृषकको व्यक्तिगत जीवनस्तरमा नै उल्लेखनीय सुधार र परिवर्तन आएको प्रत्यक्ष अनुभव गर्न सकिन्छ।

सिंचाइ मन्त्रालय

सिंचाइ विभाग

जावलाखेल, ललितपुर, फोन : ५५३७१३६

ईमेल : irrigation@wlink.com.np, www.doi,gov.np

## राजासहितको...

यदि यस्तै तवरले मुलुक चल्ने हो भने घोर अनिष्ट हुने, नेपालको स्वत्व र अपनत्व गुम्ने कुरामा थापाको जोड रह्यो।

साथै उहाँले राज्य सञ्चालन गर्ने प्रमुख तीन दल भनिएका नेताहरूको आचरण, उनीहरूको मुलुक र जनताप्रतिको इमान्दारिता एवं राष्ट्र र राष्ट्रियताप्रति उनीहरूको सोच अब जनताले बुझिसकेका छन्, जनता अब कुनै दलको फूटबल होइन र जनता कोठामा बसेर आँखा चिम्लने छैन। जनता सडकमा आएको दिन ती दलका नेताहरूले आफ्नो सपना चकनाचुर भएको देख्नेछ भनी चुनौति पनि दिनुभयो।

संखुवासभा-काठमाडौं सम्पर्क समाजका अध्यक्ष टंकनाथ गिरीको अध्यक्षतामा सम्पन्न सो समारोहमा राप्रपा नेपालका केन्द्रीय सदस्य दिलनाथ गिरीले यस्ता सम्पर्क समाज अधिराज्यका सबै जिल्लाहरूमा आगामी भदौ महिनाभरिमा गठन गरिने जानकारी दिनुभयो।

## मधेशवादी...

पर्यवेक्षकहरू भन्दछन्- 'यतिखेर विस्तारै तमलोपाका महन्थ ठाकुर पनि आफ्नो महन्थ सिद्ध गर्न लागिपरेका छन् र यसमा मधेशी जनअधिकार फोरम आफ्नो अमिट खेल खेल्दैछ। मधेशवादी दलको यो बार्गेनिङ अन्ततः कसरी टुंगिने हो ? रामलीलाको रुपमा सबैले हेरिरहेका छन्।

## कमैया...

मुक्त कमैया पुनःस्थापनाको समस्या झन् जटिल बन्दै गएको छ। जतिलाई व्यवस्थापन गरिन्छ, त्यति धेरै मुक्त कमैया जन्मने समस्याले सरकारले योसमस्या अझै समाधन गर्न सकेको छैन। मुक्त कमैया आन्दोलनमा सक्रिय रहेका प्रकाश विष्टले भने, 'सरकारले कमैयालाई मुक्तिको घोषणा गरेलगत्तै वैज्ञानिक ढंगले छरितो व्यवस्थापन कार्य गर्न नसक्दा वर्षौंपिच्छे कमैयाको नाममा घूसपैठको संख्या बढेर समस्या जस्ताको त्यस्तै रहँदै गएको छ।'

कमैया मुक्त भएको वर्ष २०५७ साउन २ गते कैलालीमा ५ हजार ८ सय ९५ को संख्यामा रहेका मुक्त कमैया दस वर्षको अन्तरमा पन्ध्र हजारको हाराहारीमा पुगेका छन्। जसमध्ये सरकारको प्रमाणिकतामा ९ हजार ७ सय छन् भने ५ हजार अप्रमाणिकताको संख्या छ।

## गृहमन्त्री...

तर गृहमन्त्री रावलको नाटक र कालीबहादुर खामको चटक नेपालको विद्यमान अपराध प्रणालीमा थप आश्चर्यको कुरा बनेको छ।

प्रहरीले कालीबहादुर खामलाई पक्राउ गर्न र निजका करतुत अघि सार्न भरमग्दुर प्रयत्न गरे पनि राजनीतिक नेतृत्व र स्वयम् उपल्ला तहका जिम्मेवार शक्तिका कारण त्यो कुरा पूरा हुन नसकेको वस्तु तथ्य अब खुलस्त भएको छ। गृहमन्त्री रावलको नाटक र कालीबहादुरको चटकभित्र एनेकपा गृहमन्त्री र सबै सर्वश्रेष्ठ शक्ति नाटकीय ढंगमा र शैलीमा रहेका छन्।

## नेपाल...

झाले समयको सदुपयोग नगर्दा नयाँ नेपाल बन्ने सम्भावना नरहेको बताए। समावेशी नेपालको कुरा व्यवहारमा नउतार्ने हो भने कागजमा मात्र सीमित हुनेसमेत उपराष्ट्रपति झाले बताए। समाज डेन्टलको विकास र प्रगतिको ग्रामीण भेगमा रहेका जनतालाई पनि समेट्न सक्नुपर्ने आवश्यकता उपराष्ट्रपति झाले औंल्याए। अस्पतालका अध्यक्ष श्यामकुमार घिमिरेले वार्षिकोत्सवसँगै २४ घण्टे दन्त सेवा र आफ्टर जब क्लिनिक शुरु गर्ने जानकारी दिए।

## सिटौला...

गिरिजाबाबुले प्रचण्डलाई बोलाएर भन्नुभएको थियो- 'तपाईंहरूले गलत काम गर्न थाल्नुभयो, तपाईंलाई शान्ति प्रक्रिया र संविधान निर्माण प्रक्रिया पूरा गर्नुस् भनेको हो तर तपाईं गलत बाटामा जानुभयो।' यही कारण माओवादी र अन्य दलहरूबीच गम्भीर मतभेद भएको छ। हाम्रो गम्भीर आशंका छ- माओवादी एउटा सशस्त्र संगठन आफूसँग राखिराख्ने, हतियारसहितको पार्टी बनिरहने चाहनामै छ। हाम्रो आपत्ति यही हो।

मूलरुपमा माओवादीसँग सहमत हुन नसक्नुको कारण यही हो। हामीलाई के लाग्छ भने माओवादी पार्टीले लडाकू र हतियार छाडिसकेपछि कब्जा सम्पत्ति पनि स्वाभाविकरुपमा फिर्ता हुन्छ। वाईसीएलका यी अर्धसैनिक संरचना पनि स्वाभाविकरुपले अन्त्य हुन्छ। माओवादी पार्टीबाट गरिने सबै हिंसात्मक गतिविधिका जड भनेको शिविरमा रहेका माओवादी लडाकू समायोजन र पुनर्स्थापना नहुनु नै हो।

# जनजातिको आन्दोलन

काठमाडौं। संविधान निर्माणको दबाबस्वरुप भन्दै आदिवासी जनजाति महासंघले आन्दोलन गर्ने भएको छ। आदिवासी जनजाति महासंघले समयमै संविधान निर्माणको दबाबका लागि आन्दोलन घोषणा गरेको छ। तोकिएको समयसीमा सकिन लागेको भन्दै विश्व आदिवासी दिवसको अवसर पारेर आन्दोलन घोषणा गरेको हो।

महासंघले राजधानी नाकाबन्दी र देशव्यापी चक्काजामसम्मको घोषणा गरेको छ। अगस्ट ९ मा विश्वआदिवासी दिवस मनाइन्छ। आन्दोलनको घोषणा गर्न शनिबार राजधानीमा आयोजित पत्रकार सम्मेलनमा महासंघका अध्यक्ष राजकुमार लेखीले आठबुँदे माग पूरा नभएसम्म 'मूलधार केन्द्रित' आन्दोलन गर्ने चेतावनी दिए।

महासंघले राज्य पुनर्संरचना समितिले प्रस्ताव गरेको नारायणी, सुनकोशी र जडान प्रदेश खारेज हुनुपर्ने, प्रदेशको सीमांकनमा आदिवासी जनजातिको सहभागिता हुनुपर्ने, संविधान निर्माण कार्यतालिका जारी हुनुपर्ने र सेना प्रहरीमा हिन्दू चाड मनाउने चलन हटाउनुपर्ने माग गरेको छ।






## यो साताको कविता

# धमिलो पानीमा

– मुरारिप्रसाद सिग्देल, गोकर्ण

जीर्ण पोखरीमा
भ्यागुताहरू
टिठ लाग्दो
आवाजमा
कराइरहन्छन्

काला कागहरू
सिंहदरबारको
डिलमा बसेर
राग अलाप्छन्
काँ.. काँ.. काँ..

गँगटाहरू
आक्रमणको
पूर्व सन्ध्यामा
विषालु टाउको
र
धारिलो हतियार लुकाएर
पारिलो घाममा पल्टिरहेछन्
चूपचाप चूपचाप
मौका छोप्न
वा
भय रोप्न
वा
देशको अस्मिता लुट्न

देश प्रयोगशाला भएको छ
देश गिनीपिग भएको छ।

म कविताको प्रयोग गर्छु
म कवितामा चेतना छर्छु
विज्ञ, देशभक्त सामु

यो जीर्ण पोखरी
पटक पटक
तरंगित हुँदैछ
छप्ल्याङ्ग
छप्ल्याङ्ग
तरंगहरू खस्दैछन्

म भित्रको कवित्वका उर्जाहरू
विशाल विम्बहरू, प्रतीकहरू
उर्लिरहेछन्, बढिरहेछन्
यो देशका लागि
यी जनताका लागि
आकाशका तारा झार्नु छ।

आशाका किरणहरू
खस्दैछन् हिमालदेखि तराइसम्म
ती नीला डोबहरू
शान्ति खोज्न
नीलो गगन
गहन गर्जन गर्न
देशभक्त सामु सम्प्रेषित हुँदैछ
ॐ शान्ति पृथ्वी शान्ति....।

मेरो उर्जालाई भंग गर्दैछन्
भ्यागुताहरू- ब्ल्याक आउट गरेर
कागहरू- कोलाहल मच्चाएर
गँगटारु- गौंडो थुनेर
यो धमिलो पानीमा
माछा मार्दैछन्, स्वार्थ लुट्दैछन्।

सम्माननीय/माननीय/श्री......................................................................

.....................................................................................

.....................................................................................

.....................................................................................

# दशक बित्दा पनि मुक्त भएनन् कमैया

*शर्मिला ठकुरी*

काठमाडौं, ३२ असार । मुक्तकमैया घोषणा गरेको पूरा एकदशक बितिसक्दा पनि नेपाल सरकारले उनीहरूलाई आवश्यकरूपमा पुनःस्थापना गर्न नसक्दा सरकारी नाराअनुरूप वास्तविकरूपमा कमैयाहरू मुक्त भएको महसुस गर्न सकिरहेका छैनन् । विसं २०५७ साउन २ गते सरकारले नेपालका सम्पूर्ण कमैया मुक्त भएको घोषणा गरेको थियो । यही साउन २ गते सरकारको सो कदमले ठीक दस वर्ष पूरा गरेको छ । तर सरकारले गरेको उत्साहपूर्ण घोषणाबाट देशका कमैया भने दशकपछि पनि उत्साही बन्न सकिरहेका छैनन् । सरकारी तथ्याङ्कअनुसार पनि अहिलेसम्म पाँचहजार ८६८ परिवार घरबारविहीन नै छन् । उता गैरसरकारी र अन्य सङ्घसंस्थाले गरेका विभिन्न अध्ययनले भने करिब १८ हजारजति मुक्तकमैया अझै पुनःस्थापना गर्न बाँकी नै छ । मुक्त भएका करिब २२ हजार कमैया दुःखजिलो गरी गुजारा चलाइरहेको भए पनि करिब छ हजार परिवारलाई भने जीवनयापनको अभावले सताइरहेको छ । राज्यको तथ्याङ्कमा देशमा करिब २८ हजार कमैया छन् ।

विशेषगरी बाँके, बर्दिया, कैलाली, कञ्चनपुर र दाङ जिल्लामा मुक्तकमैया छन् । उनीहरूलाई राज्यले मुक्तकमैया त घोषणा गऱ्यो तर उनीहरूलाई पुनःस्थापन गर्ने काममा भने राज्य विभिन्न बहानामा तर्किरहेको छ यस क्षेत्रमा काम गरिरहेका व्यक्तिको भनाइ छ । बर्दियाका श्यानु थारूले मुक्तकमैयाको परिचयपत्र लिएको १० वर्ष पुग्यो तर उनी कुनै पनि स्थानमा स्थायीरूपमा बस्न पाएका छैनन् । उनी मुक्तकमैयाको नाममात्र भएको तर सरकारले मुक्तकमैयालाई दिनुपर्ने सुविधा नदिएको गुनासो पोख्छन् । उनी भन्छन्- 'खाली ठाउँमा गएर घर बनाएर बसोवास गऱ्यो कहिले समुदायका मानिस आएर उठाउँछन्, कहिले सरकारका व्यक्ति आएर उठाउँछन् हामीले कहिल्यै स्थायीरूपमा बस्न पाएका छैनौं न जमिनदारकामा फर्केर जान पाउनु, न गरेर खान पाउनु हामीलाई त यस्तो जिन्दगी नरक जस्तो भएको छ ।'

कैलालीका बिन्तीराम थारूको पनि हालत उस्तै रहेको छ । उनी भन्छन्– 'हामीले हाम्रो मागलाई सम्बोधन गर्लान् भनेर सभासद् बनाएर पठायौं तर उनीहरू पनि आफ्नै स्वार्थमा व्यस्त भएको जस्तो छ, हाम्रो मागलाई अझैसम्म पूरा गरेका छैनन् न हामीलाई रोजगारको व्यवस्था गरेको छ । हाम्रो हालत खराब छ तर देशका नेताले बुझ्दैनन् जुन जोगी आए पनि कानै चिरेका ।' उनी सरकारका प्रतिनिधिले पनि गाउँका पुँजीपतिको मात्र कुरा सुनेर जाने बताउँछन् र भन्छन्- 'सरकारका प्रतिनिधिको के कुरा गर्नु जसले सम्मान गर्छ उसैको गुणगान गाएर जान्छन् उल्टै हामीलाई खाली ठाउँमा बसेकामा सरकारी जग्गा परेको भनेर आरोप लगाउँछन् त्यस्तै डराउनेको त घरवास पनि उठाएका छन् ।'

कमलरीबाट एमालेकी सभासद् बन्नुभएकी शान्ता चौधरी भने आफूले कमैया र कमलरीको बारेमा सक्दो आवाज उठाएको तर कहिलेकाहीँ आफ्नो बहुमत नपुगेका कारण सही मुद्दा पनि ओझेलमा पर्ने गरेको बताउनुभयो । उहाँले आफू प्राकृतिक स्रोतसाधन बाँडफाँड समितिको सभापति भएका कारण निरन्तर मुक्तकमैयाको विषयमा कुरा उठाइरहने गरेको र एक्लैले केही पनि नहुने भएकाले सबै सभासद्को एउटै आबाज जरुरी रहेको धारणा राख्नुभयो । उहाँले आफू पनि १८ वर्ष कमलरी बसेर आएकाले कमलरी बस्दाको पीडा कमैया हुँदाको पीडा आफूले बुझेकाले अब आउने संविधान सबैको नेतृत्व हुने गरी बन्नुका लागि सम्पूर्ण पीडितको गुनासो समेटिएको पनि बताउनुभयो । आफैँले कुरा उठाएकाले चालु आर्थिक वर्षमा १२ करोड रुपैयाँ कमलरी र कमैयाका लागि छुटचाउन सफल भएको दाबी पनि उहाँले गर्नुभयो । कमैयालाई क, ख, ग र घ गरी चार भागमा विभाजन गरिएको छ । 'क' वर्गमा पर्ने कमैयाको घरजग्गा कुनै पनि नभएकाहरू पर्दछन् । 'ख' वर्गमा ऐलानी जग्गामा घर भएको तर जग्गाविहीन पर्दछन् ।

त्यसैगरी 'ग' वर्गमा आफ्नै जग्गामा घर भएका तर दुई कट्ठाभन्दा कम जग्गा भएका पर्दछन् भने 'घ' वर्गमा आफ्नै जग्गामा घर भएका र दुई कट्ठाभन्दा बढी जग्गा भएका तर खान नपुग्ने परिवार पर्ने गर्दछन् । नेपाल सरकारको २०५९ को लगतअनुसार 'क' र 'ख' वर्गमा परेका र मुक्तकमैयाको परिचयपत्र प्राप्त गरेका परिवार दाङमा ७०५, बाँकेमा एक हजार ९२१ बर्दियामा ११ हजार ५५१, कैलालीमा ८ हजार ९७५ र कञ्चनपुरमा चार हजार ४१८ परिवार गरी जम्मा २७ हजार ५७० रहेका छन् भने सरकारले यो तथ्याङ्कमा 'ग' र 'घ' वर्गका मुक्तकमैया समावेश गरिएको पाइँदैन ।

मुक्तकमैया पुनःस्थापना कार्यान्वयन समितिका सदस्यसचिव लक्ष्मणकुमार हमालका अनुसार नेपाल सरकारले 'क' र 'ख' वर्गका कमैयाको पुनःस्थापना गर्न विभिन्न नीतिहरू अपनाएको बताउनुभयो । उहाँले मुक्तकमैयालाई पुनःस्थापनाका लागि बजार क्षेत्रमा बढीमा एककट्ठा जमिन उपलब्ध गराउने, राजमार्गसँग जोडिएको भए बढीमा दुई कट्ठा, ग्रामीण क्षेत्रमा भए बढीमा पाँच कट्ठा घर निर्माणका लागि रु दस हजार रुपैयाँ नगद र ३५ क्युफिट काठ उपलब्ध गराउने नीति लिएको जानकारी दिनुभयो । उहाँले सरकारका तर्फबाट मुक्तकमैयाका लागि स्वरोजगार तालिमको पनि व्यवस्था गरेको बताउँदै स्वरोजगार तालिमबाट धेरै मुक्तकमैया आत्मनिर्भर गरी अरूलाईसमेत रोजगार दिएको बताउनुभयो ।

सचिव हमालका अनुसार दाङ र बाँके जिल्लामा मुक्तकमैया पुनःस्थापना भइसकेका छन् भने कैलालीमा क्रमशः तीन हजार ६३० र दुईहजार २३० घरपरिवार पुनःस्थापना गर्न बाँकी रहेको छ । कञ्चनपुरमा भने ३२ घरपरिवार पुनःस्थापनाका लागि सम्पर्कमा नआएका र अन्य भने पुनःस्थापना भइसकेको बताउनुभयो । हमालले हाल पुनःस्थापना हुन बाँकीका लागि नेपाल सरकारको जग्गा नभएको र भएको जग्गामा पनि जङ्गलको छेउछाउमा बसेका ऐलानी प्रतिजग्गा भएको भूमिहीन सुकुम्वासी बसेकाले उनीहरूलाई हटाएर मुक्तकमैया राख्न गाह्रो भइरहेको जानकारी दिनुभयो । नेपाल सरकारसँग मुक्तकमैयाका लागि पर्याप्त जग्गा भएको जानकारी दिँदै वरिष्ठ पत्रकार रघु लामिछाने भन्नुहुन्छ– "नेपाल सरकारसँग पर्याप्त जग्गा छ यद्यपि सरकार उनीहरूलाई जग्गा प्रदान गर्न आलटाल गरिरहेको छ ।" उहाँको भनाइ यस्तो रहेको धनेन्द्र बस्नेत संयोजनक रहेको उच्चस्तरीय वैज्ञानिक भूमिसुधार आयोगले तयार पारेको प्रतिवेदनको सुझावअनुसार नेपालमा भूमिहीनको सङ्ख्या रु १४ लाख सात हजार १०० रहेको छ, उनीहरूलाई रु. चारलाख २१ हजार ७७० हेक्टर जमिन आवश्यक पर्दछ ।

त्यसमध्ये नेपाल सरकारको ऐलानी जग्गा रु. ३२ लाख ९० हजार ९८५ हेक्टर, गुठी रु. १५ हजार ३४४ हेक्टर नदी उकासबाट रु ५ हजार ३३६, हैसियत बिग्रेको वन क्षेत्रको जग्गा रु १५ लाख ५९ हजार २०० हेक्टर र हदबन्दीबाट प्राप्त हुने रु एक लाख २५ हजार ५०० गरी जम्मा सो आयोगले नेपाल रकारलाई करिब रु ४९ लाख ९६ हजार ४६५ हेक्टर जमिन उपलब्ध रहेको र सो जमिन वितरण गर्न सकिने अवस्थाको रहेको प्रतिवेदन दिएकाले सरकारसँग जग्गा नभएका कारण मुक्तकमैयाले जग्गा नपाएका हुन् भन्नु नमिल्ने यस क्षेत्रमा कार्यरत विभिन्न सङ्घसंस्थाका प्रतिनिधिको भनाइ छ ।


## हार्दिक समवेदना



हाम्रा हितैषी गोरखा एक्सप्रेस साप्ताहिकका सम्पादक/प्रकाशक राजन कार्कीको ममतामयी आमा नैकापा, तीनथाना निवासी श्रीमती जानुका कार्कीको ८२ वर्षको उमेरम गत साउन १ गते स्वर्गारोहन भएकोमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**ज्ञान उदास/प्रेमा उदास**

एवं

**नयाँ खबरकागज साप्ताहकि**

*परिवार*


## हस्ताक्षर





**(नेपाली भाषा, साहित्य, कला र संस्कृतिको क्षेत्रमा अतुलनीय योगदान पुऱ्याउनु भएका जीवित एवं दिवंगत स्रष्टाहरुको संकलित 'हस्ताक्षर' विज्ञ पाठकवर्गका लागि धाराबाहिक रूपमा प्रस्तुत गर्ने क्रममा यस पटक साहित्यकार कलाधर काफ्लेको हस्ताक्षर प्रस्तुत गरेका छौं– सं.)**

**नाम** : कलाधर काफ्ले

**जन्म** : १ सेप्टेम्बर १९४२, कास्की, लामाचौर-५, काफ्लेथर

**शिक्षा** : एम.कम., बी.एल.

**बाजे/बजै** : माधव काफ्ले/पार्वती काफ्ले

**माता/पिता** : गुरुदत्त काफ्ले/मुरलीदेवी काफ्ले

**परिवार** : शारदा काफ्ले (श्रीमती), रञ्जन (छोरा), मुनु (बुहारी), मुनु (बुहारी), अग्रिमा र आश्रया (नातिनी) ।

**विधा** : यात्रा संस्मरण/कथा/कविता

**मनपर्ने पुस्तक** : समाजमा विद्यमान शोषण र उत्पीडनका विरुद्धमा र अन्यायका पक्षमा लेखिएका सम्पूर्ण स्वदेशी/विदेशी लेखकहरु र तिनीहरुद्वारा लेखिएका त्यस प्रकारका सबै पुस्तकहरु ।

**लेखन आरम्भ** : २०१२-२०१३ सालदेखि फुटकर कथा/कविता लेख्न थालेको ।

**अभिरूची** : समाजिक/साहित्यिक सेवा ।

**सम्मान/पुरस्कार** : प्रवल गोरखा दक्षिणबाहु (चौथो श्रेणी, २०३०), शुभराज्यभिषेक पदक, दीर्घसेवा पदक, सिम्पल सम्मान, २०६१ (सिम्पल आर्टस् बानेश्वरबाट), प्रशंसा पत्र, २०६२ (कात्यायनी मन्दिर प्रबन्ध समिति, बानेश्वरबाट), ज्येष्ठ प्रतिभा सम्मान, २०६४ ( साहित्य सन्ध्याबाट), सेवा सम्मान, २०६४ (बी.डी.त्यागी स्मृति सेवा केन्द्र बानेश्वरबाट) ।

**कृति** : साहित्येतर : नेपालको दुर्गमक्षेत्रमा खाद्यान्नको आपूर्ति-२०४५, नेपालमा ग्रामीण विकासका आधारहरु (सहलेखन)-२०५१, साहित्यिक : बेलायततिरका तीस पाइला (यात्रासंस्मरण)-२०६३, इन्द्रेनी (साहित्यिक सँगालो)-२०६४, मेरो स्वदेश भ्रमण ( यात्रानिबन्ध संग्रह)- २०६५, पहिलेका भ्रमण, अहिलेको संस्मरण (यात्रानिबन्धसंग्रह)-२०६६ ।

**संलग्नता** : पञ्चकुमारी सामाजिक गुठी, बानेश्वर, उपसभापति, सिम्पल आर्टस् बानेश्वर, आजीवन सदस्य, काफ्ले समाज, काठमाडौं आजीवन सदस्य, बी.डी.त्यागी स्मृति सेवा केन्द्र, बानेश्वर सल्लाहकार, कर्ण-कौशल्या-सीता स्मृति प्रतिष्ठान, बानेश्वर, आजीवन सदस्य, दायित्व वाङ्मय प्रतिष्ठान, नेपाल, आजीवन सदस्य, भानु नेपाली मासिक, आजीवन सदस्य, जनमत नेपाली मासिक, संरक्षक ।

**भ्रमण** : नेपालका पाँच दर्जन जति जिल्लाहरु, भारत, जापान, हङकङ, श्रीलंका, थाइल्याण्ड, चीन, दक्षिण कोरिया, बेलायत र अष्ट्रेलिया ।

**तपाईंलाई मनपर्ने कुरा** : मीठो बोलिवचन, सुमधुर साङ्गीतिक गायन, कालो, सेतो र घ्यू रङ्ग, कानेकुरामा दाल, भात, तरकारी र दूध, बौद्धिक र विज्ञानमा आधारित पुस्तक, तर्कपूर्ण अभिव्यक्ति दिने मानिस ।

**मानिसप्रतिको दृष्टिकोण** : जुनसुकै क्षेत्र, धर्म, वर्ण, लिङ्ग, जात वा जातिको भएपनि मूलतः मासिनको जात नै मानिस हो भन्ने मान्यता ।

**नयाँ नेपालको परिकल्पना** : गास, बास, कपास, शिक्षा र स्वास्थ्यजस्ता न्यूनतम आवश्यकताका वस्तुहरुको परिपूर्ति, समान अवसर, कानुनका दृष्टिमा सबै नागरिक बराबर हुने अवस्था, प्रतिभा र परिश्रमको कदर, स्वतन्त्र चिन्तन आदि नयाँ नेपालको परिकल्पना गर्ने आधारभूत तत्व हुन् ।



**ठेगाना :**

एकता मार्ग, का.म.न.पा.-३४

**फोन :** ०१-४४७३८९१

